कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड

# Sanima Middle Tamor Hydropower Limited

रजिष्टर्ड ठेगानाः कामनपा-४, शंखपार्क, धुम्बाराही, काठमाण्डौ, नेपाल ।
फोन नं.०१४३७२८२८, ४३७३०३०, ४०१५७८८
इमेलः middletamor@sanimahydro.com, वेबसाइटः www.middletamor.com

को

# विवरण-पत्र

कम्पनीको जारी पूँजी रु. ३,३३,२५,००,००० (अक्षरेपी तीन अर्ब तेत्तिस करोड पच्चीस लाख मात्र) मध्ये २५% अर्थात रु. ८३,३१,२५,०००/- (अक्षरेपी त्रियासी करोड एकतिस लाख पच्चिस हजार रुपैंया मात्र) रकम बराबर प्रति शेयर रु. १००/- अंकित मूल्यको ८३,३१,२५० (त्रियासी लाख एकत्तिस हजार दुई सय पचास) कित्ता साधारण शेयर सर्वसाधारणलाई छुट्याइएको (कम्पनीको प्रबन्धपत्रमा भएको व्यवस्था बमोजिम जारी पुँजीको ५% अर्थात रु.१०० अंकित दरको १६,६६,२५० कित्ता शेयर कम्पनी तथा आयोजनामा कार्यरत कर्मचारी/कामदारहरुलाई बाँडफाँड गरिएको छ) मध्ये आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ समेतको अधिनमा रही १०% अर्थात रु. ३३,३२,५०,०००/- (अक्षरेपी तेत्तिस करोड बत्तिस लाख पचास हजार रुपैंया मात्र) रकम बराबरको रु.१००/- अंकित दरको ३३,३२,५०० कित्ता शेयर (जसमध्ये आयोजनाको अति प्रभावित क्षेत्र ताप्लेजुङ्ग जिल्ला फुङलिङ नगरपालिका वडा नं. १, २, ९ र १०, फक्ताङलुङ गाउँपालिका वडा नं. १, मिक्वाखोला गाउँपालिका वडा नं. १ र २, मेरिङदेन गाउँपालिका वडा नं. २ र ३, आठराई त्रिवेणी गाउँपालिका वडा नं. ५ तथा मैवाखोला गाउँपालिका वडा नं. १ मा बसोवास गर्ने नेपाली नागरिकहरुलाई ४० प्रतिशत अर्थात १३,३३,००० कित्ता तथा आयोजना प्रभावित क्षेत्र ताप्लेजुङ्ग जिल्लाका स्थानीय बासिन्दाहरुको लागि ६० प्रतिशत अर्थात १९,९९,५०० कित्ता) तथा सर्वसाधारणहरुको लागि सार्वजनिक निष्काशन गर्न छुट्याइएको १५% अर्थात रु. ४९,९८,७५,०००/- (अक्षरेपी उनान्पचास करोड अन्ठान्नब्बे लाख पचहत्तर हजार रुपैंया मात्र) रकम बराबरको रु.१००/- अंकित दरको ४९,९८,७५० कित्ता (नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपालीहरुको लागि १०% अर्थात ४,९९,८७५ कित्ता, सामूहिक लगानी कोषहरुलाई ५% अर्थात् २,४९,९३७ कित्ता समेत) शेयर सर्वसाधारणहरुमा निष्काशन गरिएको छ ।

**दरखास्त साथ प्रति साधारण शेयर रु. १००/- अंकित दरले शत् प्रतिशत भुक्तानी माग गरिएको**

**नेटवर्थ सम्वन्धी विवरण**

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व २०७६/२०७७ | आ.व २०७७/२०७८ | आ.व २०७८/२०७९ | आ.व २०७९/२०८० आश्विन मसान्त | आ.व २०७९/२०८० | आ.व २०८०/२०८१ | आ.व २०८१/२०८२ |
| प्रति शेयर नेटवर्थ (रु.) | १०६.१८ | १००.६५ | ९८.४३ | ९८.१५ | ९६.८२ | १०६.७५ | ११९.५४ |
| प्रति शेयर आम्दानी (रु.) | (२.८५) | (१.२९) | (२.२६) | (०.२८) | (१.९९) | ९.९३ | १२.८० |
| संचित नाफा (नोक्सान) रु. हजारमा | ४४,८५० | १४,६८६ | (३९,७५५) | (४६,६९९) | (१०६,०४६) | २२४,७९६ | ६५१,२०३ |

**प्रति मेगावाट लागत सम्वन्धी विवरण**

सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडद्वारा प्रवर्द्धित मध्य तमोर जलविद्युत आयोजना (७३ मे.वा.) को निर्माण अवधिको ब्याज सहित (IDC) प्रति मेगावाट लागत रु.१८,२६,०२,७४०/- (अक्षरेपी अठार करोड छब्बिस लाख दुई हजार सात सय चालिस मात्र) तथा कुल लागत रु. १३ अर्ब ३३ करोड अनुमान गरिएको छ ।

**विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्वन्धी विवरण**

इजाजतपत्र वहाल रहने अवधि मिति २०७४/०२/२२ देखि २११०/०२/२१ सम्म रहेकोले २९ वर्ष ८ महिना बाँकि रहेको छ ।

**परियोजनाको लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्वन्धी विवरण**

साधारण लगानी फिर्ता हुने अवधि (Normal Pay Back Period) ६.७३ वर्ष र डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) १३.३६ वर्ष रहेको छ ।

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयम्को हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ८ पाना नं २४ मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको हो । यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी कानून बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्रमा स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्वद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

**रेटिङ्ग सम्वन्धि विवरण**

**यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग गराउनु पर्ने भएकोले "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्गस नेपाल लिमिटेड, काठमाण्डौबाट मिति २०७८/१२/२३ मा क्रेडिट रेटिङ्ग गराई "[CARE-NP-BB (Is) [Double B (Issuer)]" प्रमाणपत्र प्राप्त गरेको छ । "[CARE-NP-BB (Is) [Double B (Issuer)]" ले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा उच्च जोखिम (high risk of default regarding timely servicing of financial obligations, in Nepal) रहेको भन्ने बुझिन्छ । Care Ratings Nepal Limited ले "CARE-NP AAA (Is)" देखि "CARE-NP D (Is)" सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा रेटिङ्ग "CARE-NP AAA (Is)" ले सकारात्मक आधार जनाउँछ भने "CARE-NP D (Is)" ले नकारात्मक आधारहरु जनाउँछ । सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा ग.२२ (ट) मा उल्लेख गरिएको छ ।**

**रेटिङ्ग प्रदान गरेको मिति : अप्रिल ०५, २०२२** **बहाल रहने अवधि: अप्रिल ०४, २०२३**

**आयोजना रहेको स्थान : प्रदेश नं. १, ताप्लेजुङ्ग जिल्लाको फुङलिङ नगरपालिका वडा नं. ९ र १०, फक्ताङलुङ गाउँपालिका वडा नं. १ तथा मिक्वाखोला गाउँपालिका वडा नं. २**

यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्र आयोजनाको मुख्य संरचना र प्रशारण लाइन रहेको ताप्लेजुङ्ग जिल्लाको फुङलिङ नगरपालिका वडा नं. १, २, ९ र १०, फक्ताङलुङ गाउँपालिका वडा नं. १, मिक्वाखोला गाउँपालिका वडा नं. १ र २, मेरिङदेन गाउँपालिका वडा नं. २ र ३, आठराई त्रिवेणी गाउँपालिका वडा नं. ५ तथा मैवाखोला गाउँपालिका वडा नं. १ र ताप्लेजुङ्ग जिल्लामा बसोवास गर्ने सम्पूर्ण बासिन्दाहरुका लागि बिक्रि वितरण गरेको शेयर सर्वसाधारणलाई बाँडफाँड भएको मितिले तीन वर्ष पूरा नभएसम्म अरु कसैलाई बिक्रि वा हक हस्तान्तरण गर्न पाइने छैन ।

**नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्रमा स्वीकृति प्राप्त मितिः २०७९/०९/०८ गते**

**कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता मितिः २०७९/०९/१३ गते**

| आयोजना प्रभावित क्षेत्रका स्थानीय वासिन्दाहरुको हकमाः | |
|---|---|
| धितोपत्र निष्काशन खुल्ला मितिः | २०७९/१०/०४ गते देखि |
| धितोपत्र निष्काशन बन्द हुने मिति (छिटोमा): | २०७९/१०/१८ गते (बैंकिङ्ग समय पश्चात्) सम्म |
| धितोपत्र निष्काशन बन्द हुने मिति (ढिलोमा): | २०७९/११/०४ गते (बैंकिङ्ग समय पश्चात्) सम्म |

| वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका हकमाः | |
|---|---|
| धितोपत्र निष्काशन खुल्ला मितिः | २०७९/१०/०४ गते देखि |
| धितोपत्र निष्काशन बन्द हुने मितिः | २०७९/१०/१८ गते (बैंकिङ्ग समय पश्चात्) सम्म |

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

**SanimaCapital**

(A wholly owned subsidiary of Sanima Bank Ltd.)

रजिष्टर्ड कार्यालयः सममार्ग, नक्साल, काठमाण्डौ, नेपाल, फोन नं.: ०१-४५४०५०८
Email: sanimacapital@sanimabank.com, Website: www.sanima.capital

**नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरणपत्र निष्काशन तथा बिक्री प्रबन्धकको Website: www.sanimacapital निष्काशनकर्ता कम्पनीको Website: www.middletamor.com साथै नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.np बाट समेत हेर्न सकिनेछ।**

**ख. १ विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :**

क) **"विवरणपत्र"** भन्नाले कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्दछ ।

ख) **"धितोपत्र निष्काशन तथा बिक्रि प्रबन्धक"** भन्नाले सानिमा क्यापिटल लिमिटेड, सम मार्ग, नक्साल, काठमाण्डौ सम्झनु पर्दछ ।

ग) **"संगठित संस्था/कम्पनी"** भन्नाले निष्काशनकर्ता कम्पनी सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडलाई सम्झनु पर्दछ ।

घ) **"संस्थापक संगठित संस्था"** भन्नाले सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडमा संस्थापक शेयर धारण गर्ने कम्पनीहरु सम्झनु पर्दछ ।

ङ) **"धितोपत्र"** भन्नाले संगठित संस्थाले जारी गरेको शेयर, स्टक, बोण्ड, डिबेन्चर, डिबेन्चर स्टक वा सामुहिक लगानी योजना सम्वन्धी प्रमाण पत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋणपत्र, बचतपत्र वा बण्ड सम्झनु पर्दछ र सो शब्दले धितोपत्र बजार मार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने भनि बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरिद, बिक्रि वा विनिमय गर्न सक्ने अधिकारपत्र समेतलाई जनाउँदछ ।

च) **"संकलन केन्द्र"** भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरु सम्झनु पर्दछ ।

छ) **"निष्काशन बैंक"** भन्नाले निष्काशन तथा बिक्रि प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने बाणिज्य बैंक सम्झनु पर्दछ ।

ज) **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, विद्युत विकास विभाग, विद्युत नियमन आयोग तथा नेपाल विद्युत प्राधिकरणलाई सम्झनु पर्दछ ।

झ) **"संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन"** भन्नाले सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडको संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन सम्झनु पर्दछ ।

ञ) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

ट) "वित्तीय विवरण" भन्नाले संगठित संस्थाको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिवर्तनको विवरण र लेखा नीति तथा लेखासँग सम्बन्धित टिप्पणीहरु समेतलाई जनाउँदछ ।

ठ) **"आस्बा सदस्य"** भन्नाले नेपाल धितोपत्र बोर्डबाट आस्बा सदस्यता लिएका बैंक तथा वित्तीय संस्था सम्झनु पर्दछ ।

ड) **"प्रति शेयर नेटवर्थ"** भन्नाले कम्पनीको वासलातमा रहेको शेयर पूँजी, शेयर प्रिमियम तथा जगेडा कोष लगायतका कुनै पनि प्रकारको सञ्चित कोषको कुल जोडलाई कूल शेयर संख्याले भाग गर्दा आउने भागफललाई जनाउँदछ ।

ढ) **"प्रति शेयर आम्दानी"** भन्नाले कम्पनीको खुद नाफालाई जम्मा कायम साधारण शेयर संख्याले भाग गर्दा आउने भागफललाई जनाउँदछ ।

ण) **"साधारण लगानी फिर्ता हुने अवधी"** भन्नाले परियोजनामा भएको कुल लगानीलाई त्यस परियोजनाबाट प्राप्त हुने बार्षिक औषत नगद प्रवाहले भाग गर्दा आउने भागफललाई जनाउँदछ । यसलाई वर्षमा ब्यक्त गरिन्छ । यसले कति बर्षमा परियोजनाको लगानी फिर्ता हुन्छ भन्ने कुरा वुझाउँदछ ।

त) **"डिस्काउण्टमा लगानी फिर्ता हुने अवधी"** भन्नाले परियोजनामा भएको कुल लगानीलाई त्यस परियोजनाबाट प्राप्त हुने बार्षिक नगद प्रवाहलाई निश्चित प्रतिशत बट्टादरद्धारा (Discount Rate) वर्तमान मुल्यमा परिणत गरि आउने नगद प्रबाहबाट आयोजनामा भएको कुल लगानीलाई भाग गर्दा आउने भागफललाई जनाउँदछ । यसलाई वर्षमा ब्यक्त गरिन्छ । यसले मुद्रास्फितिलाई ध्यान दिंदा कति बर्षमा आयोजनाको लगानी फिर्ता हुन्छ भन्ने कुरा वुझाउँछ ।

थ) **"नगद प्रवाह"** भन्नाले आयोजनाबाट प्राप्त हुने खुद नाफामा ह्रास कट्टि तथा अमोर्टाइजेसन जोडि कार्यशिल पूँजीमा भएको परिवर्तन (चालु पूँजी - चालु दायित्व) तथा पूँजीगत खर्चहरु घटाउँदा आउने परिणामलाई जनाउँदछ ।

द) **"वैदेशिक रोजगारीमा रहेका नेपाली"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुलाई जनाउँदछ ।

ध) **"विप्रेषण (रेमिटयान्स) बचत खाता"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगार गरिरहेका नेपाली नागरिकको नेपाल धितोपत्र बोर्डबाट धितोपत्र खरिद संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्बा सदस्य बैंक वा वित्तीय संस्थामा सम्बन्धित व्यक्तिको नाममा रहेको विप्रेषण (रेमिटयान्स) बचत खाता सम्झनुपर्छ ।

**ख. २. विवरणपत्र तथा दरखास्त प्राप्त गर्ने र बुझाउने स्थान** :

| क्र.सं | विवरण पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थान : |
|---|---|
| १. | सानिमा क्यापिटल लिमिटेड, सम मार्ग, नक्साल, काठमाण्डौ र वेबसाइट : www.sanima.capital |
| २. | सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड, शंखपार्क, धुम्बाराही, काठमाण्डौं र website: www.middletamor.com |
| ३. | सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडको आयोजनास्थल, प्रदेश नं. १, ताप्लेजुङ्ग जिल्ला, फुङलिङ नगरपालिका वडा नं.१० |
| ४. | नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर र website: www.sebon.gov.np |

**सर्वसाधारण लगानीकर्ताहरुको लागि मात्र** :

| क्र.सं | दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान : |
|---|---|
| १. | नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु । |

**आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि दरखास्त फारम प्राप्त गर्ने र बुझाउने सम्बन्धी थप व्यवस्था :**
आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि देहाय बमोजिमका स्थानहरुबाट भौतिक रुपमा दरखास्त फाराम साथ रकम बुझिलिने व्यवस्था गरिएको छ :

| दरखास्त फारम प्राप्त गर्ने र बुझाउने संकलन केन्द्रको नाम | ठेगाना |
|---|---|
| १. सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड | फुङलिङ नगरपालिका १०, सिम्ले, ताप्लेजुङ्ग |
| २. सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड | मिक्वाखोला गाउँपालिका २, थुम्बाबेशी, ताप्लेजुङ्ग |
| ३. सानिमा बैंक लिमिटेड | फुङलिङ नगरपालिका ५, फुङलिङ बजार, ताप्लेजुङ्ग |
| ४. लक्ष्मी बैंक लिमिटेड | फुङलिङ नगरपालिका ५, फुङलिङ बजार, ताप्लेजुङ्ग |
| ५. सनराइज बैंक लिमिटेड | मैवाखोला गाउँपालिका ३, ताप्लेजुङ्ग |
| ६. ग्लोबल आइएमई बैंक लिमिटेड | फक्ताङलुङ गाउँपालिका ५, तापेथोक, ताप्लेजुङ्ग |
| ७. लक्ष्मी बैंक लिमिटेड | पाथिभरा याङवरक गाउँपालिका २, ताप्लेजुङ्ग |

**आवश्यकता अनुसार स्वीकृती लिएर अन्य संकलन केन्द्रहरु थप गर्न सकिनेछ ।**
आयोजना प्रभावित क्षेत्र आयोजनाको मुख्य संरचना र प्रशारण लाइन रहेको ताप्लेजुङ्ग जिल्लाको फुङलिङ नगरपालिका वडा नं. १, २, ९ र १०, फक्ताङलुङ गाउँपालिका वडा नं. १, मिक्वाखोला गाउँपालिका वडा नं. १ र २, मेरिङदेन गाउँपालिका वडा न. २ र ३, आठराई त्रिवेणी गाउँपालिका वडा नं. ५ तथा मैवाखोला गाउँपालिका वडा नं. १ र ताप्लेजुङ्ग जिल्लामा बसोवास गर्ने सम्पूर्ण बासिन्दाहरुले शेयर खरिद आवेदन फारम प्राप्त गर्नका लागि प्रति दरखास्त फारम वापत रु. २/- (अक्षरेपी दुई रुपैयाँ मात्र) शुल्क बुझाउनु पर्नेछ । साथै उक्त फाराम सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडको वेबसाइट www.middletamor.com तथा सानिमा क्यापिटल लिमिटेडको वेभसाइट www.sanima.capital बाट समेत डाउनलोड गर्न सकिन्छ ।
**नोट : आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको हकमा आस्बा मार्फत आवेदन फाराम बुझाउने व्यवस्था नरहेको ।**

**बैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुले आवेदन प्राप्त गर्ने र बुझाउने स्थान:**

| क्र.सं | दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान |
|---|---|
| १. | नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा |

## ग. १. धितोपत्र निष्काशन तथा बिक्रि प्रबन्धकको उद्‌घोषण :

हामीलाई सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड तथा यसका सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकाले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुरुपको योग्यता पुगेको प्रतिबद्धता पत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

## ग. २. संगठित संस्थाको उद्‌घोषण :

**ग. २. क. सञ्चालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्‌घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्रि प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यता प्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरु ब्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्‌घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसूचित निर्णय लिन आवश्यक पर्ने कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ग. २. ख. संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्‌घोषण :**

यस कम्पनीले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक यस कम्पनीका बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता यस कम्पनीमा रहने छैन । साथै, त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नु पर्नेछ ।

**ग. २. ग. नियमन निकायको नियमन ब्यबस्थाको पालना सम्बन्धी उद्‌घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, विद्युत विकास विभाग, विद्युत नियमन आयोग, आदि) को सार्वजनिक निष्काशनसँग सम्बन्धित कानुनी व्यवस्था तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्‌घोषण गर्दछौं । साथै यस कम्पनीले कम्पनी रजिष्ट्रारको कार्यालयमा आ.व. २०७७/०७८ सम्मको विवरणहरु पेश गरेको हुनाले उक्त आर्थिक वर्षसम्म यस कम्पनी रजिष्ट्रारको कार्यालयमा अद्यावधिक रहेको र सो अद्यावधिक रहेको व्यहोरा कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/११/०२ गतेको पत्रबाट प्राप्त भएको छ । यस कम्पनीले विद्युत नियमन आयोगबाट प्राथमिक शेयर निष्काशनको लागि मिति २०७९/०३/१० गते पूर्व स्वीकृति समेत प्राप्त गरिसकेको छ ।

**ग. २. घ. संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्‌घोषण :**

(१) यस सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडको संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(२) यस सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडको सञ्चालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(३) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा सञ्चालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुखको रुपमा छैनन्।

(४) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(५) यस सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी प्रमुख अयोग्य रहेका छैनन् ।

## ग. ३. संगठित संस्था सम्बन्धी जानकारी :

### ग. ३. क. संगठित संस्थाको पृष्ठभूमि :

**(क) संस्थाको नाम :** सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड (Sanima Middle Tamor Hydropower Limited) ।

**(ख) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :**

कम्पनी ऐन, २०६३ अनुसार कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७३/०१/२३ गते पब्लिक लिमिटेडको रुपमा "सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड" को नाममा दर्ता भई स्थापना भएको पब्लिक कम्पनी हो ।

**(ग) संस्थाको रजिष्टर्ड ठेगाना :**

यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ४, शंखपार्क, धुम्बाराही मा रहेको छ । आवश्यकता अनुसार सम्बन्धित कार्यालयको स्वीकृति लिई कम्पनीको रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न र नेपाल भित्र वा विदेशमा शाखा कार्यालय खोल्न सकिनेछ ।

**(घ) कारोबार गर्ने मुख्य स्थान :**

यस कम्पनीको कारोबार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. ४, शंखपार्क, धुम्बाराही, काठमाण्डौ र प्रदेश नं. १, ताप्लेजुङ्ग जिल्ला, फुङलिङ नगरपालिका वडा नं. १० मा मध्य तमोर जलविद्युत आयोजनाको कार्यालय रहेको छ ।

**(ङ) संगठित संस्थाको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु:**

**यस कम्पनीको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :**

(१) संस्थापक शेयरधनी तमोर सानिमा इनर्जी प्रा.लि.को ताप्लेजुङ्ग जिल्ला स्थित ५४.० मे.वा. जडित क्षमताको मध्य तमोर जलविद्युत आयोजनाको अनुमतिपत्र लगायत अन्य सम्पूर्ण स्वमित्व तथा हकाधिकार यस कम्पनीमा कानून बमोजिम हस्तान्तरण भए पश्चात् उक्त आयोजना निर्माण तथा सञ्चालन गर्ने, गराउने तथा अन्य जलविद्युत आयोजना निर्माण गर्ने, सञ्चालन गर्ने उद्देश्यका साथ मिति २०७३/०१/२३ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भई कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७३/०३/०७ मा कारोबार सञ्चालन गर्ने अनुमति प्राप्त गरी कारोबार गर्दै आएको छ । विद्युत विकास विभागको (पहिलो संशोधन) मिति २०७५/०८/२५ गतेको स्विकृति पत्र बमोजिम उक्त आयोजनाको क्षमतामा बृद्धि गरी ७३ मे.वा.को विद्युत उत्पादन गर्ने गरी आयोजना निर्माण कार्य भई रहेको छ ।

(२) यस कम्पनीले ताप्लेजुङ्ग जिल्लाको फक्ताङलुङ र मिक्वाखोला गाउँपालिका तथा फुङलिङ न.पा. (साविक फुरुम्बु, हाङदेवा र खोक्लिन गा.वि.स) को सिमाना भएर बग्ने तमोर नदीको पानी सदुपयोग हुने गरी ७३ मे.वा. क्षमताको मध्य तमोर जलविद्युत आयोजना निर्माण गरिरहेको छ । यस आयोजनाबाट उत्पादन हुने विद्युतीय ऊर्जालाई २२० के.भी. को डबल सर्किट विद्युत प्रशारण लाईन मार्फत नेपाल विद्युत प्राधिकरणको प्रस्तावित ताप्लेजुङ्ग जिल्लाको हाङ्गपाङ्ग (ढुँगेसाँघु) स्थित सब-स्टेसनमा पुऱ्याई राष्ट्रिय प्रशारण प्रणालीमा समाहित गरिने छ । यस आयोजनाको कुल अनुमानित लागत रु. १३ अर्ब ३३ करोड रहेको छ भने यस आयोजनाको व्यापारिक उत्पादन सुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date – RCOD) २०८० भाद्र २६ गते तोकिएको छ । हाल सम्म यस आयोजनाको सिभिल कार्य, हाइड्रोमेकानिकल कार्य, ईलेक्ट्रोमेकानिकल कार्य र प्रशारण लाइन गरी समग्र निर्माण कार्य करिब ७४ प्रतिशत सम्पन्न भइसकेको छ ।

(३) यस कम्पनीमा हाल १८२ जना संस्थापक शेयरधनीहरु रहेका छन् । कम्पनीको प्रबन्धपत्रमा भएको व्यवस्था बमोजिम कम्पनीको सञ्चालक समितिको निर्णय अनुसार कम्पनीले जारी पूँजीको ७० प्रतिशत शेयर संस्थापक शेयरधनीहरुका लागि, जारी पूँजीको ५ प्रतिशत शेयर कर्मचारीहरुका लागि बाँडफाँड गरी चुक्ता भईसकेको छ । त्यसैगरी, जारी पूँजीको १० प्रतिशत शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि र जारी पूँजीको १५ प्रतिशत शेयर सर्वसाधारण (नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपालीहरुको लागि १०% अर्थात ४,९९,८७५ कित्ता, सामूहिक लगानी कोषहरुलाई ५% अर्थात् २,४९,९३७ कित्ता शेयर समेत) लगानीकर्ताहरुका लागि छुट्याई बाँडफाँड गर्ने व्यवस्था गरेको छ ।

कम्पनीको प्रबन्धपत्रको दफा ६ मा उल्लेख भए अनुसार यस निष्काशन पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

| क्र. सं. | शेयरधनीहरु | साधारण शेयर संख्या | चुक्ता रकम (रु.) | पूँजी संरचना | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| १. | संस्थापक शेयरधनी समुह "क" | २,३३,२७,५०० | २,३३,२७,५०,००० | ७०% | शत् प्रतिशत चुक्ता |
| २. | सर्वसाधारण शेयरधनी समुह "ख" | | | | |
| | क. कम्पनी/आयोजनामा कार्यरत कर्मचारीहरु/कामदार | १६,६६,२५० | १६,६६,२५,००० | ५% | शत् प्रतिशत चुक्ता |
| | ख. स्थानीय बासिन्दाहरु | ३३,३२,५०० | ३३,३२,५०,००० | १०% | निष्काशन पश्चात |
| | ग. सर्वसाधारणहरु (नेपाल सरकारबाट श्रम स्वीकृती लिएर वैदेशिक रोजगारिमा रहेका नेपाली तथा सामुहिक लगानी कोष समेत) | ४९,९८,७५० | ४९,९८,७५,००० | १५% | |
| | **जम्मा** | **३,३३,२५,०००** | **३,३३,२५,००,०००** | **१००%** | |

**नोट :** प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिकाको दफा ५ (३) बमोजिम कम्पनीको प्रबन्धपत्रमा भएको व्यवस्था बमोजिम नियमानुसार कर्मचारीहरुलाई शेयर बाँडफाँड गरिएको उद्घोषण गर्दछौं । साथै, कम्पनी/आयोजनामा कार्यरत कर्मचारीहरु/कामदारहरुको लागि निष्काशन गरिएको शेयरलाई आगामी वार्षिक साधारण सभाबाट पारित गरी प्रचलित कानून अनुसार समुह मिलान गरिनेछ ।

(४) यस कम्पनीले विद्युत विकास विभागबाट आयोजनाको सर्वेक्षण अनुमति पत्र मिति २०६४/११/०२ मा प्राप्त गरेको थियो । मिति २०७०/०२/२३ मा विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयबाट आयोजनाको वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन (EIA) स्वीकृत भएकोमा मिति २०७५/०७/०६ मा पुरक वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन (SEIA) स्वीकृत भएको छ । आयोजनाको विद्युत उत्पादन अनुमति पत्र विद्युत विकास विभागबाट मिति २०७५/०८/२५ मा प्राप्त भएको थियो भने मिति २०७९/०१/१६ को पत्र अनुसार आयोजनाको विद्युत उत्पादन अनुमतिपत्र मिति २११०/०२/२१ गते सम्म वहाल रहने छ ।

(५) यस कम्पनीले प्रदेश नं. १, ताप्लेजुङ्ग जिल्लाको फुङलिङ नगरपालिका वडा नं. ९ र १०, फक्ताङ्लुङ गाउँपालिका वडा नं. १ तथा मिक्वाखोला गाउँपालिका वडा नं. २ को सिमाना भएर बग्ने तमोर नदीको पानीलाई सदुपयोग गरी नदी प्रवाहमा आधारित ७३ मेगावाट क्षमताको मध्य तमोर जलविद्युत आयोजनाको निर्माण गरिरहेको छ ।

(६) आयोजनाको प्रमुख विशेषताहरु निम्नानुसार रहेको छ :

| स्रोत नदीको नाम | तमोर नदी |
|---|---|
| ग्रस हेड | १३२ मि. |
| जलाधार क्षेत्र | २००२.३२ वर्ग कि.मि. |
| औषत जल प्रबाह | १२६.६९ घनमिटर प्रति सेकेण्ड |
| बाँधको लम्बाई तथा उचाई | ५० मि. लम्बाई, उचाई १०.५ मि |
| मुहान, प्रकार | साइड इन्टेक, सबमर्जड, ६ वटा |
| विद्युत गृह | अर्ध सतही |
| टर्बाइन प्रकार, संख्या | भर्टिकल एक्सिस् फ्रान्सीस, ४ वटा |
| आयोजनाको किसिम | रन अफ दि रिभर |
| औषत बार्षिक ऊर्जा | ४२९.४०९ गिगावाट घण्टा |
| प्रशारण लाइन | २२० के.भी., डबल सर्किट |
| अपेक्षित व्यावसायिक उत्पादन शुरु मिति | २०८० भाद्र २६ |
| विद्युत उत्पादन अनुमति प्राप्त मिति | २०७४/०२/२९, पहिलो संशोधन २०७५/०८/२५ |
| विद्युत उत्पादन अनुमति वहाल रहने मिति | २११०/०२/२१ |
| जडित क्षमता | ७३ मे.वा. |
| जम्मा प्रक्षेपित लागत (निर्माण अवधिको ब्याज सहित) | रु. १३ अर्ब ३३ करोड |
| आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि (Project) | ६.७३ वर्ष |
| आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Project) | १३.३६ वर्ष |
| आयोजनाको प्रति मे.वा. लागत रकम निर्धारण अवधिको व्याज सहित | रु. १८,२६,०२,७४०/- |
| Net Present Value (NPV) (Project) | रु. २०,१८,४००/- |
| Internal Rate of Return (IRR) (Project) | १३.७८% |
| Net Present Value (NPV) (Equity) | रु. १६,२२,७२७/- |
| अपेक्षित प्रतिफल (FIRR) (Equity-IRR) | १७.३८% |
| औषत DSCR | १.३१ |

**प्रक्षेपणका आधार तथा तरिका**

| विवरण | प्रक्षेपणका आधार तथा तरिका |
|---|---|
| विद्युत उत्पादन अवधि | ३० वर्ष |
| विद्युत उत्पादन आम्दानी अवधि | २८ वर्ष ९ महिना |
| शेयर पूँजी र ऋण पूँजीको अनुपात | ७५:२५ |
| ऋणको अवधि | १२ वर्ष |
| ऋणको औसत ब्याजदर | ११% |
| साधारण बट्टा दर आयोजना (Discount Rate) (Project) | ११.३६% |
| साधारण बट्टा दर पूँजी (Discount Rate) (Equity) | १२.४३% |
| परियोजना मर्मत सम्भार खर्च | आयोजना लागतको बार्षिक ०.७५% |
| प्रति महिना कार्यालय सञ्चालन खर्च | आयोजना लागतको बार्षिक १% |
| परियोजना मर्मत सम्भार कार्यालय सञ्चालन खर्चमा बृद्धि | ५% प्रत्येक बर्ष |
| बिमा | आयोजना लागतको बार्षिक ०.६०% |
| प्रति महिना कर्मचारी पारिश्रमिक शुल्क | रु.७०,००,०००/- (वृद्धि सहित) |

| | |
|---|---|
| कर्मचारी खर्च बृद्धि | ५% |
| विमा शुल्कमा बृद्धि | ५% |
| कर्मचारी बोनस दर | २% खुद नाफाको |
| ब्यापारिक उत्पादन मिति बाट १० वर्ष सम्म आयकर | ०% |
| ब्यापारिक उत्पादन मिति बाट १० देखि १५ वर्ष सम्म आयकर | १२.५% खुद नाफाको |
| ब्यापारिक उत्पादन मिति बाट १५ वर्ष पछिको आयकर | २०% खुद नाफाको |
| विद्युत खरिद दर (वर्षायाम) रु. प्रति कि.वा.घ. | रु. ४.८ प्रति कि.वा.घ. |
| विद्युत खरिद दर (सुख्खायाम) रु. प्रति कि.वा.घ. | रु. ८.४ प्रति कि.वा.घ. |
| बृद्धि अवधि/दर | प्रति वर्ष ३ %, ८ चोटि |
| एजेन्सी शुल्क | आवधिक कर्जाको वार्षिक ०.०७ % |
| परियोजनाको सम्पति, प्लान्ट र उपकरण | घट्दो ह्रास क ी विधि ९मभरु घबकष्क० |
| परियोजना सम्पतीको ह्रास कट्टि | परियोजनाको इजाजतपत्र अवधि भर स्थिर ह्रास क ि दर |
| विक्रि रोयल्टी पहिलो (१५ वर्ष सम्म) | आयको बार्षिक २% |
| विक्रि रोयल्टी (१५ वर्ष पछि) | आयको बार्षिक १०% |
| क्षमता (Capacity) रोयल्टी पहिलो १५ बर्ष सम्म | १०० रुपैंया प्रति कि.वा |
| क्षमता (Capacity) रोयल्टी पहिलो १५ बर्ष पछि | १,००० रुपैंया प्रति कि.वा |

## वित्तिय विश्लेषणको तालिका

रु.हजारमा

| वर्ष | कुल लागत | खुद नाफा | ह्रासकट्टी तथा अपलेखन खर्च | कर्जा भुक्तानी | खुद नगद प्रवाह (शेयरधनी) | साधारण संचयी नगद प्रवाह | वर्तमान मुल्यको आधारमा हुने नगद प्रवाह | डिस्काउन्टेड संचयी नगद प्रवाह | आयोजना नगद प्रवाह | साधारण संचयी नगद प्रवाह | वर्तमान मुल्यको आधारमा हुने नगद प्रवाह | डिस्काउन्टेड संचयी नगद प्रवाह | ऋण भुक्तानी आाम्दानी अनुपात (DSCR) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | (व्याज समेत) | | (शेयरधनी) | (शेयरधनी) | (शेयरधनी) | | (आयोजना) | (आयोजना) | (आयोजना) | |
| ० | १३,३३०,००० | | | | (३,३३२,५००) | (३,३३२,५००) | (३,३३२,५००) | (३,३३२,५००) | (१३,३३०,०००) | (१३,३३०,०००) | (१३,३३०,०००) | (१३,३३०,०००) | |
| १ | | ३३०,८४१ | ४२३,८३५ | ४४०,१६३ | ३१४,५१४ | (३,०१७,९८६) | २७९,७४७ | (३,०५२,७५३) | १,८५४,४०२ | (११,४७५,५९८) | १,६६५,२७६ | (११,६६४,७२४) | १.२० |
| २ | | ४२६,४०६ | ४२२,०७९ | ४८८,५८१ | ३५९,९०५ | (२,६५८,०८१) | २८४,७३३ | (२,७६८,०२०) | १,८९९,७९३ | (९,५७५,८०६) | १,५३२,०४३ | (१०,१३२,६८१) | १.२३ |
| ३ | | ५२५,७९५ | ४२०,६५५ | ५४२,३२५ | ४०४,१२५ | (२,२५३,९५६) | २८४,३७५ | (२,४८३,६४५) | १,९४४,०१३ | (७,६३१,७९३) | १,४०७,८१७ | (८,७२४,८६४) | १.२६ |
| ४ | | ६२९,५९२ | ४१९,४९८ | ६०१,९८० | ४४७,११० | (१,८०६,८४६) | २७९,८४४ | (२,२०३,८०२) | १,९८६,९९८ | (५,६४४,७९५) | १,२९२,१९२ | (७,४३२,६७२) | १.२९ |
| ५ | | ७३८,४३४ | ४१८,५५७ | ६६८,१९८ | ४८८,७९२ | (१,३१८,०५३) | २७२,११४ | (१,९३१,६८८) | २,०२८,६८० | (३,६१६,११४) | १,१८४,७४७ | (६,२४७,९२५) | १.३२ |
| ६ | | ८५३,०११ | ४१७,७८९ | ७४१,७०० | ५२९,१०० | (७८८,९५४) | २६१,९९२ | (१,६६९,६९६) | २,०६८,९८८ | (१,५४७,१२७) | १,०८५,०५६ | (५,१६२,८६९) | १.३४ |
| ७ | | ९७४,०८३ | ४१७,१६१ | ८२३,२८७ | ५६७,९५७ | (२२०,९९७) | २५०,१४५ | (१,४१९,५५१) | २,१०७,८४५ | ५६०,७१८ | ९९२,६९४ | (४,१७०,१७५) | १.३७ |
| ८ | | १,१०२,४८४ | ४१६,६४८ | ९१३,८४८ | ६०५,२८४ | ३८४,२८७ | २३७,११६ | (१,१८२,४३५) | २,१४५,१७२ | २,७०५,८९० | ९०७,२३८ | (३,२६२,९३७) | १.३९ |
| ९ | | १,२३९,१४१ | ४१६,२२७ | १,०१४,३७२ | ६४०,९९६ | १,०२५,२८३ | २२३,३४८ | (९५९,०८८) | २,१८०,८८४ | ४,८८६,७७४ | ८२८,२७४ | (२,४३४,६६३) | १.४२ |
| १० | | १,३१६,९०५ | ४१५,८८१ | १,१२५,९५३ | ६०६,८३४ | १,६३२,११७ | १८८,०७१ | (७७१,०१७) | २,१४६,७२२ | ७,०३३,४९५ | ७३२,१४९ | (१,७०२,५१४) | १.३९ |
| ११ | | १,२२५,८६४ | ४१५,५९७ | १,२४९,८०७ | ३९१,६५३ | २,०२३,७७१ | १०७,९६४ | (६६३,०५३) | १,९३१,५४१ | ८,९६५,०३७ | ५९१,५७६ | (१,११०,९३९) | १.२५ |
| १२ | | १,३१२,९८० | ४१५,३६३ | १,३८७,२८६ | ३४१,०५७ | २,३६४,८२८ | ८३,६२४ | (५७९,४२९) | १,८८०,९४५ | १०,८४५,९८१ | ५१७,३२६ | (५९३,६१२) | १.२२ |
| १३ | | १,४११,५०५ | ४१५,१७० | – | १,८२६,६७५ | ४,१९१,५०३ | ३९८,३७१ | (१८१,०५८) | १,८२६,६७५ | १२,६७२,६५७ | ४५१,१६२ | (१४२,४५०) | N/A |
| १४ | | १,३७७,०५० | ४१५,०१० | – | १,७९२,०६० | ५,९८३,५६३ | ३४७,६२० | १६६,५६२ | १,७९२,०६० | १४,४६४,७१७ | ३९७,४७१ | २५५,०२१ | N/A |
| १५ | | १,३४०,८४१ | ४१४,८७८ | – | १,७५५,७२० | ७,७३९,२८३ | ३०२,९२३ | ४६९,४८५ | १,७५५,७२० | १६,२२०,४३६ | ३४९,६९६ | ६०४,७१७ | N/A |
| १६ | | १,००५,४४१ | ४१४,७६९ | – | १,४२०,२१० | ९,१५९,४९३ | २१७,९४९ | ६८७,४३४ | १,४२०,२१० | १७,६४०,६४७ | २५४,०२२ | ८५८,७३९ | N/A |
| १७ | | ९६८,९८० | ४१४,६७८ | – | १,३८३,६५९ | १०,५४३,१५२ | १८८,८६७ | ८७६,३०१ | १,३८३,६५९ | १९,०२४,३०५ | २२२,२४४ | १,०८०,९८३ | N/A |
| १८ | | ९३०,६८१ | ४१४,६०३ | – | १,३४५,२८४ | ११,८८८,४३५ | १६३,३३० | १,०३९,६३२ | १,३४५,२८४ | २०,३६९,५८९ | १९४,०४२ | १,२७५,०२५ | N/A |
| १९ | | ८९०,४५३ | ४१४,५४० | – | १,३०४,९९३ | १३,१९३,४२९ | १४०,९२४ | १,१८०,५५६ | १,३०४,९९३ | २१,६७४,५८२ | १६९,०३४ | १,४४४,०५९ | N/A |
| २० | | ८४८,२०४ | ४१४,४८८ | – | १,२६२,६९२ | १४,४५६,१२० | १२१,२८३ | १,३०१,८३९ | १,२६२,६९२ | २२,९३७,२७४ | १४६,८७४ | १,५९०,९३३ | N/A |
| २१ | | ८०३,८३३ | ४१४,४४५ | – | १,२१८,२७८ | १५,६७४,३९८ | १०४,०८२ | १,४०५,९२१ | १,२१८,२७८ | २४,१५५,५५२ | १२७,२५५ | १,७१८,१८८ | N/A |
| २२ | | ७५७,२३६ | ४१४,४०८ | – | १,१७१,६४५ | १६,८४६,०४३ | ८९,०३३ | १,४९४,९५३ | १,१७१,६४५ | २५,३२७,१९६ | १०९,९०३ | १,८२८,०९१ | N/A |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २३ | | ७०८,३०४ | ४१४,३७८ | – | १,१२२,६८२ | १७,९६८,७२५ | ७५,८८१ | १,५७०,८३५ | १,१२२,६८२ | २६,४४९,८७८ | ९४,५७० | १,९२२,६६१ | N/A |
| २४ | | ६५६,९२० | ४१४,३५३ | – | १,०७१,२७३ | १९,०३९,९९७ | ६४,४०३ | १,६३५,२३७ | १,०७१,२७३ | २७,५२१,१५१ | ८१,०३६ | २,००३,६९७ | N/A |
| २५ | | ६०२,९६२ | ४१४,३३२ | – | १,०१७,२९४ | २०,०५७,२९१ | ५४,३९७ | १,६८९,६३४ | १,०१७,२९४ | २८,५३८,४४५ | ६९,१०४ | २,०७२,८०१ | N/A |
| २६ | | ५४६,३०३ | ४१४,३१४ | – | ९६०,६१७ | २१,०१७,९०८ | ४५,६८८ | १,७३५,३२३ | ९६०,६१७ | २९,४९९,०६२ | ५८,५९९ | २,१३१,४०० | N/A |
| २७ | | ४८६,८०८ | ४१४,२९९ | – | ९०१,१०७ | २१,९१९,०१५ | ३८,१२० | १,७७३,४४३ | ९०१,१०७ | ३०,४००,१६९ | ४९,३६३ | २,१८०,७६३ | N/A |
| २८ | | ४२४,३३६ | ४१४,२८७ | – | ८३८,६२३ | २२,७५७,६३८ | ३१,५५५ | १,८०४,९९८ | ८३८,६२३ | ३१,२३८,७९२ | ४१,२५५ | २,२२२,०१८ | N/A |
| २९ | | २६९,०५४ | ३१०,७०७ | – | ५७९,७६१ | २३,३३७,३९९ | १९,४०३ | १,८२४,४०१ | ५७९,७६१ | ३१,८१८,५५३ | २५,६१२ | २,२४७,६३० | N/A |

**संगठित संस्था र नेपाल विद्युत प्राधिकरणका बीच सम्पन्न विद्युत खरिद-बिक्रि सम्झौताका मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन् ।**

(१) कम्पनीबाट निर्माणाधिन आयोजनाबाट उत्पादन हुने विद्युत खरिद बिक्रिका लागि नेपाल विद्युत प्राधिकरणसँग ५२.१ मे.वा.क्षमताको लागि मिति २०७३/०९/१४ मा र पछि थप गरिएको २०.९ मे.वा. क्षमता (पहिलो संशोधन) को लागि मिति २०७५/०८/१४ गते सम्झौता भएको छ । उक्त सम्झौता बमोजिम नेपाल विद्युत प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मिति देखि हरेक महिना कम्पनीले आयोजनाबाट विद्युत ऊर्जा उत्पादन गरी उपलब्ध गराएको कन्ट्र्याक्ट इनर्जीको परिमाणसम्मको ऊर्जा खरिद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु.४।८० (अक्षरेपी चार रुपैंया असी पैसा मात्र) र सुख्खायाममा प्रति कि.वा. घण्टा रु.८।४० ( अक्षरेपी आठ रुपैया चालिस पैसा) विद्युत खरिद दरले हुन आउने रकम कम्पनीलाई वा सम्झौताको दफा ३४ अनुसारको अग्रुवा बैंक वा वितीय संस्थालाई बुझाउने छ । साथै व्यापारिक उत्पादन शुरु हुने मितिबाट एक वर्ष पुगेको महिनाको लगतै पछिको महिनादेखि लागु हुने गरी प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ८ (आठ) पटकसम्म साधारण मूल्यबृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरिद दर कायम भएको छ ।

| अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगतै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुने गरि) | सुख्खा याम (पौषदेखि चैत्र सम्म रु. प्रति युनिट) | वर्षा याम (बैशाखदेखि मार्ग सम्म रु. प्रति युनिट) |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिनासम्म | ८।४० | ४।८० |
| १३ औ महिना देखि २४ औं महिनासम्म | ८।६५ | ४।९४ |
| २५ औ महिना देखि ३६ औं महिनासम्म | ८।९० | ५।०९ |
| ३७ औ महिना देखि ४८ औं महिनासम्म | ९।१६ | ५।२३ |
| ४९ औ महिना देखि ६० औं महिनासम्म | ९।४१ | ५।३८ |
| ६१ औ महिना देखि ७२ औं महिनासम्म | ९।६६ | ५।५२ |
| ७३ औ महिना देखि ८४ औं महिनासम्म | ९।९१ | ५।६६ |
| ८५ औ महिना देखि ९६ औं महिनासम्म | १०।१६ | ५।८१ |
| ९७ औं महिनादेखि सम्झौता अवधिसम्म | १०।४२ | ५।९५ |

**तर व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति ढिलो हुन गएमा निम्नानुसार वार्षिक मूल्यवृद्धि दिइनेछ :**

क) व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति ६ महिनाभन्दा बढी १८ महिनासम्म ढिलो हुन गएमा जम्मा ७ वटा मात्र मूल्य वृद्धि दिइनेछ ।

ख) व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति १८ महिनाभन्दा बढी ३० महिनासम्म ढिलो हुन गएमा जम्मा ६ वटा मात्र मूल्य वृद्धि दिइनेछ ।

ग) व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति ३० महिनाभन्दा बढी ४२ महिनासम्म ढिलो हुन गएमा जम्मा ५ वटा मात्र मूल्य वृद्धि दिइनेछ ।

घ) व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति ४२ महिनाभन्दा बढी ५४ महिनासम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्य वृद्धि दिइनेछ ।

ङ) व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति ५४ महिनाभन्दा बढी ढिलो हुन गएमा जम्मा ३ वटा मात्र मूल्य वृद्धि दिइनेछ ।

(२) प्राधिकरणले Dispatch Instruction जारी गरी अतिरिक्त ऊर्जा (Excess Energy) खरिद गरेमा सो को हकमा विद्युत खरिद बिक्रि सम्झौताको दफा १२.१ अनुसारको खरिद दरको ५० प्रतिशतका हिसाबले कम्पनीले विलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।

(३) मासिक विलिङ्ग गर्दा कम्पनीले प्राधिकरणबाट विद्युत ऊर्जा लिएको देखिएमा विद्युत ऊर्जा लिने भोल्टेज लेभलको व्यापारिक वर्गका ग्राहकहरुलाई लागू हुने प्राधिकरणको प्रचलित Normal hour को विद्युत महशुल दरले ऊर्जा शुल्क मात्रको हिसाव गरी आउने रकम मात्र कम्पनीले प्राधिकरणलाई भुक्तानी गर्नेछ, वा सो रकम मासिक विलिङ्गमा समायोजन गरिनेछ ।

(४) व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति अगावै आयोजनाको निर्माण तथा परीक्षण कार्य सम्पन्न भएमा प्राधिकरणले आफ्नो Existing ग्रीड प्रणालीमा प्रवाह हुन सक्ने सम्मको विद्युत ऊर्जा आवश्यकता अनुसार Dispatch Instruction जारी गरी आयोजनाबाट लिन सक्नेछ । यसरी विद्युत लिए बापत दफा १२.१ र १२.२ मा तोकिएको मूल्यमा प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नेछ ।

## हर्जाना सम्बन्धी विवरण

(१) प्राधिकरणले प्रत्येक महिना आयोजनाबाट कन्ट्र्याक्ट इनर्जीको परिमाण सम्मको Availability Declaration अनुसारको इनर्जी खरिद गरी लिनेछ । यस अनुसार प्राधिकरणले लिनु पर्ने ऊर्जा Forced Outage को कारणले लिन नसकेमा वा म्षकउबतअज क्षलकतचगअतष्यल को कारणले नलिएमा अनुसूची ३ को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई क्षतिपूर्ति तिर्नु पर्नेछ ।

(२) कन्ट्र्याक्ट इनर्जीको वा Availability Declaration को आधारमा गणना हुने मासिक ऊर्जा मध्ये जुन घटी छ सो को ८० (असी) प्रतिशतभन्दा कम नहुने गरी प्रत्येक महिना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्ति गर्नु पर्नेछ । प्राधिकरणको कारण वा Schedule Outage वा आकस्मिक मर्मत सम्भार वा काबु बाहिरको परिस्थितिको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाणसम्मको विद्युत कम्पनीले आपूर्ति गर्न नसकेमा वा नगरेमा निम्न शुत्र अनुसार कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति स्वरुप रकम भुक्तानी गर्नु पर्नेछ ।

क्षतिपूर्ति रकम रु= (०.८x सो महिना कम्पनीबाट प्राधिकरणलाई आपूर्ति गर्नुपर्ने बढीमा कन्ट्र्याक्ट इनर्जीसम्मको Availability Declaration अनुसारको विद्युत ऊर्जा - सोही महिनामा कम्पनीले उपलब्ध गराएको ऊर्जा - सोही अवधिमा प्राधिकरणको कारणले वा Scheduled outage वा आकस्मिक मर्मत सम्भार वा काबु बाहिरको परिस्थितिको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको ऊर्जा) x सो महिनाको प्रति किलोवाट घण्टा विद्युत ऊर्जा खरिद दर ।

यसरी हिसाब गर्दा क्षतिपूर्ति रकम ऋणात्मक भएमा क्षतिपूर्ति रकमलाई शून्य मानिनेछ । क्षतिपूर्ति रकम विल रकमभन्दा बढी भएमा विल रकम भन्दा बढी भएको क्षतिपूर्ति रकम कम्पनीले प्राधिकरणलाई तिर्नुपर्ने छैन ।

यस्तो क्षतिपूर्ति रकम प्राधिकरणले बिलको भुक्तानी दिँदा कट्टा गर्न सक्नेछ ।

(३) प्राधिकरणले कम्पनीलाई वा कम्पनीले प्रधिकरणलाई क्षतिपूर्ति तिर्ने व्यवस्था आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने मितिदेखि लागु हुनेछ ।

(४) काबु बाहिरको परिस्थितिमा बाहेक प्राधिकरणको कारणले आयोजनाबाट व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मितिसम्म व्यापारिक उत्पादन शुरु हुन नसकेमा प्राधिकरणले कम्पनीलाई र कम्पनीले विद्युत केन्द्रबाट उत्पादन हुने विद्युत ऊर्जा निर्धारित डेलिभरी प्वाइण्टसम्म पुऱ्याउनको लागि प्राधिकरणलाई मान्य हुने खालको निर्माण, व्यवस्था एवं परिक्षणको कार्य सम्पन्न गरी व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति पर्ने गरी आयोजनाको निर्माण तथा परिक्षणको कार्य सम्पन्न नगरेमा कम्पनीले प्राधिकरणलाई निम्न अनुसार हर्जाना तिर्नु पर्नेछ ।

हर्जाना रकम रु. ०.०५ x कन्ट्र्याक्ट इनर्जीको आधारमा गणना गर्दा आउने व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति र व्यापारिक उत्पादन शुरु हुने मिति बीचको दिन अन्तरको अवधिको ऊर्जा x व्यापारिक उत्पादन शुरु हुने मितिमा लागू हुने खरिद दर ।

कम्पनीको प्रबन्धपत्रको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

(क) संस्थापक तमोर सानिमा इनर्जी प्रा.लि. को ताप्लेजुङ्ग जिल्ला स्थित मध्ये तमोर जलविद्युत आयोजनाको अनुमतिपत्र लगायत अन्य सम्पूर्ण स्वमित्व तथा हकाधिकार यस कम्पनीमा कानून बमोजिम हस्तान्तरण भए पश्चात उक्त आयोजना निर्माण तथा सञ्चालन गर्ने, गराउने ।

(ख) जलविद्युत आयोजना निमार्ण गर्ने, Build Own Operate and Transfer (BOOT) अन्तर्गत सञ्चालन गर्ने ।

(ग) विद्युत उत्पादन, प्रसारण तथा वितरण सम्बन्धि रिसर्च (अनुसन्धान), तालिम आदि गर्ने गराउने ।

(घ) सम्बन्धित निकायहरुबाट आवश्यक स्विकृती लिई स्वदेशी तथा विदेशी तथा विदेशी व्यक्ति वा कम्पनीहरु संग सम्झौता गरी निजी स्वामित्वमा हाईड्रोपावर सम्बन्धी कार्यहरु गर्ने र विद्युत उत्पादन गरी बिक्रि वितरण गर्ने गराउने ।

(ङ) उत्पादन गरिएको विद्युत प्रचलित कानून बमोजिम स्वदेश तथा विदेशमा बिक्रि वितरण गर्ने गराउने ।

(च) सरकारी वा निजी कम्पनी वा संस्थाद्वारा अनुमतिपत्र प्राप्त गरी निर्माण गरिएको वा निर्माणधिन वा सञ्चालनमा रहेको जलविद्युत आयोजनाहरु एस कम्पनीले कानून बमोजिम हस्तान्तरण गरी लिई निर्माण तथा सञ्चालन गर्ने गराउने ।

**आयोजनाको विभिन्न कार्यहरुको कार्य प्रगति विवरण निम्नानुसार रहेको छ :**

**मध्य तमोर जलविद्युत आयोजनाको हाल सम्म भएको भौतिक कार्य प्रगति विवरण**

| क्र. सं. | विवरण | कार्य प्रगति % | कैफियत |
|---|---|---|---|
| १. | सिभिल निर्माण कार्य | ७३% | समग्रमा |
| २. | हाइड्रो-मेकानिकल कार्य | ६५% | समग्रमा |
| ३. | इलेक्ट्रोमेकानिकल कार्य | ६०% | समग्रमा |
| ४. | २२० के.भि.प्रसारण लाइन कार्य | ८२% | समग्रमा |
| ५. | आधारभुत संरचनाहरु (आवास तथा अफिस गृह, पहुँच मार्ग, कन्स्ट्रक्सन पावर लाइन) | ९१% | समग्रमा |

मध्य तमोर जलविद्युत आयोजनाबाट उत्पादित विद्युतलाई विद्युत गृह संगै रहेको स्विचयार्डबाट करिव ९ कि.मि. लामो २२० के.भी. क्षमताको डबल सर्किट विद्युत प्रसारण लाईन मार्फत ताप्लेजुङ्ग जिल्लामा अवस्थित नेपाल विद्युत प्राधिकरणको प्रस्तावित हाङ्गपाङ्ग (ढुँगेसाँघु) सवस्टेसनमा जोडिनेछ । नेपाल विद्युत प्राधिकरणको ताप्लेजुङ्ग जिल्ला स्थित हाङ्गपाङ्ग (ढुँगेसाँघु) सवस्टेशनसम्म पुऱ्याउनका लागि आयोजनाको स्वीचयार्ड देखि २२० के.भि. को डबल सर्किट करिब ९ कि. मि. लामो विद्युत प्रसारण लाईन आयोजनाको निर्माण भईरहेको छ । हालसम्म उक्त विद्युत प्रसारण लाईन आयोजनाको २४ वटा टावरमध्ये २२ वटा टावरको जग निर्माण भई हाल टावर ठड्याउने कार्य जारी रहेको छ भने उक्त आयोजना अन्तर्गतका बाँकि कार्यहरु नियमित रुपमा सञ्चालन भईरहेका छन् ।

**समग्रमा आयोजनाको कार्य प्रगति : आयोजनाको भौतिक कार्य प्रगति करिब ७४% रहेको छ ।**

**(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :** सो नभएको ।

**(छ) देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागु हुने हदसम्म) :**

(१) **संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :** जलविद्युत ।

(२) प्रयोग भएको वा गरिने प्रविधि : ताप्लेजुङ्ग जिल्लाको फक्ताङ्लुङ र मिक्वाखोला गाउँपालिका तथा फुङलिङ नगरपालिका (साविकका

सावादीन, फुरुम्बु र खोक्लिन गा.वि.स.हरु) भएर बग्ने तमोर नदीको पानी उपयोग गरी जलविद्युत ऊर्जा उत्पादन गर्न हेडवर्क्समा डाइभर्सन बाँध, सेटलिङ बेसिन, पेनस्टक पाइप, विद्युत गृह आदि संरचना रहेका छन् । आयोजनाबाट ७३ मे.वा. विद्युत उत्पादन गर्न विद्युतगृहमा १८,२५० किलोवाट क्षमताका ४ वटा भर्टिकल एक्सिस् फ्रान्सिस टर्वाइन प्रयोग गरिएको छ ।

(३) **कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :** सो नभएको ।

(४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्र :** नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्रि सम्झौता भई विद्युत बिक्रि गरिने भएको हुँदा यस कम्पनीले अलग्गै बजारको खोजी गर्नु पर्ने अवस्था नरहेको ।

(५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :** कम्पनीको उद्देश्यमा उल्लेखित आयोजनाको निर्माण तथा संचालनका अतिरिक्त अन्य जलविद्युत आयोजना निर्माण तथा सञ्चालन गर्न सक्ने भएकोले उपयुक्त लगानीको अवसर प्राप्त भएमा कम्पनीले नयाँ विद्युत आयोजनामा आफ्नो लगानी विस्तार गर्न सक्नेछ ।

(६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्रि वितरणको तरिका :** कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरिद-बिक्रि सम्झौता अनुसार नेपाल विद्युत प्राधिकरणलाई बिक्रि गरिनेछ ।

(७) **उत्पादन/सञ्चालन क्षमता र सो को उपभोग स्थिति :** कम्पनीबाट निर्माणाधिन मध्य तमोर जलविद्युत आयोजनाको उत्पादन क्षमता ७३ मेगावाट रहेको र उत्पादन हुने सवै विद्युत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरिनेछ । यो आयोजनाको व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date – RCOD) ५२.१ मे.वा. क्षमताको लागि २०७९ भाद्र २७ र थप २०.९ मे.वा. क्षमताको लागि २०८० आषाढ ३१ सम्म रहेकोमा विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस (Covid 19) को महामारीका कारण काबु बाहिरको परिस्थिति उत्पन्न भई नेपाल विद्युत प्राधिकरणबाट मिति २०७९/०४/०४ मा सार्वजनिक सूचना प्रकाशित गरी व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (RCOD) को म्याद थपका लागि आवेदन माग गरे बमोजिम कम्पनीले ५२.१ मे.वा. र थप २०.९ मे.वा. गरि कुल ७३ मे.वा. क्षमताको लागि व्यावसायिक विद्युत ऊर्जा उत्पादन शुरु गर्ने मिति २०८० भाद्र २६ गते कायम गरिएको छ ।

(८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :** ताप्लेजुङ्ग जिल्लाको फक्ताङलुङ र मिक्वाखोला गाउँपालिका तथा फुङलिङ नगरपालिकाको (साविकका सावादीन, फुरुम्बु र खोक्लिन गा.वि.स.हरु) सीमाना भएर बग्ने तमोर नदीको पानी ।

(९) **गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :** आयोजनाको निर्माण अवधिमा गर्नुपर्ने गुण नियन्त्रणका लागि स्वदेशी परामर्शदाता सानिमा हाइड्रो एण्ड इन्जिनियरिङ्ग प्रा. लि. लाई नियुक्त गरी उक्त कम्पनी मार्फत सम्पूर्ण निर्माण कार्यको अनुगमन, सुपरीवेक्षण तथा नियन्त्रण भइरहेको छ ।

(१०) **अनुसन्धान तथा विकास :** कम्पनीको स्थापना भए पश्चात् आफ्नो उद्देश्य अनुसार ७३ मेगावाट क्षमताको मध्य तमोर जलविद्युत आयोजनाको अध्ययन/अनुसन्धान पुरा गरी हाल सो आयोजनाको विकास/निर्माण भईरहेको छ ।

(११) **विगत १२ महिनाको अवधिमा संस्थाको सञ्चालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान :**

क. विश्वमा महाव्याधिको रुपमा फैलिएको कोभिड-१९ को कारणले गर्दा डिसेम्बर, २०१९ देखि चीनमा भएको लकडाउनका कारण कम्पनीको इलेक्ट्रोमेकानिकल उपकरणहरुको निर्माण, आपूर्ति तथा जडानका लागि सम्झौता सम्पन्न गरिएको चिनियाँ ठेकेदार कम्पनीको कारखाना बन्द भई आयोजनाका उपकरणहरुको निर्माण कार्य बन्द भएको थियो ।

ख. कोभिड १९ कै कारण नेपालमा मिति २०७७ चैत्र ११ देखि लागू गरिएको लकडाउनका कारण आयोजना निर्माणका लागि आवश्यक कच्चा पदार्थ जस्तै डन्डी, सिमेन्ट, डिजेल, आदिको ढुवानी कार्य तथा आयोजनामा आवश्यक दक्ष-अदक्ष कर्मचारी तथा कामदारहरुको आवागमन बन्द भएको थियो ।

ग. आयोजनाको इलेक्ट्रोमेकानिकल उपकरणहरुको प्रथम लटका सामाग्रीहरु चीन तथा नेपालमा जारी लकडाउनका कारण बन्द गरिएका रसुवा-केरुङ्ग तथा तातोपानी नाकामा अड्केर करिब ८ महिना ढिला ढुवानी भएको थियो ।

घ. कोभिड १९ को दोस्रो लहरको जोखिमका कारण नेपालमा मिति २०७८ बैशाख १६ देखि लागु गरिएको निषेधाज्ञाका कारण आयोजना निर्माणको कच्चा पदार्थको ढुवानी तथा जनशक्ति व्यवस्थापनमा असर परेको थियो ।

ङ. कोभिड १९ को जोखिमका कारण, कम्पनी/आयोजनामा कार्यरत कर्मचारीहरुको स्वास्थ्य एवं व्यवसायिक निरन्तरता चुनौतिपूर्ण रहयो ।

च. समयमै मालसामानको उपलव्धता हुन नसकेको कारण आयोजना सम्पन्न हुने अवधि र लागत वढ्न गयो ।

**माथि उल्लेखित कारणले गर्दा आयोजनाको लागत तपशिल बमोजिम बढ्न गएको छ :**

रु. हजारमा

| क्र. स. | विवरण | हालको लागत रु. | अतिरिक्त लागत रु. | संशोधित लागत रु. |
|---|---|---|---|---|
| १. | सिभिल कार्य | ५०,१४,३१४ ।७३ | १२,०१,२८३ ।९३ | ६२,१५,५९८ ।६६ |
| २. | हाइड्रो मेकानिकल कार्य, इलेक्ट्रो मेकानिकल कार्य, र विद्युत प्रसारण लाइन कार्य | २५,२४,९३९ ।०७ | (३,१७,८९४ ।७२) | २२,०७,०४४ ।३५ |
| २.१ | हाइड्रो मेकानिकल कार्य | ३,८३,७६७ ।८७ | २,२०,५२६ ।०६ | ६०४,२९३ ।९३ |
| २.२ | इलेक्ट्रो मेकानिकल कार्य | १९,५५,६९९ ।२० | (५,१७,७८५ ।५९) | १४,३७,९१३ ।६१ |
| २.३ | विद्युत प्रसारण लाइन कार्य | १,८५,४७२ ।०० | (२०,६३५ ।१९) | १,६४,८३६ ।८१ |
| **३.** | **कुल आधार लागत (१ ± २)** | **७५,३९,२५३ ।८०** | **८,८३,३८९ ।२१** | **८४,२२,६४३ ।०१** |
| **४.** | **कुल पूर्वाधारका कार्यहरू (४.१ ±+४.२)** | **४,००,९४८ ।९७** | **२,२०,४७४ ।०३** | **६,२१,४२३ ।००** |
| ४.१ | पूर्वाधार कार्यहरू (पहुँच सडक र शिविर सुविधाहरू) | २,९५,००० ।०० | १,२७,९०० ।०० | ४,२२,९०० ।०० |

| | | | | |
|---|---|---|---|---|
| ४.२ | जग्गा सम्बन्धित | १,०५,९४८।९७ | ९२,५७४।०४ | १९८,५२३।०० |
| **५.** | **कुल साधारण खर्च (५.१ ± ५.२)** | **५१८,१६३.२२** | **१७८,४३६.७८** | **६९६,६००.००** |
| ५.१ | साधारण खर्च (परिचालन, इन्जिनियरिङ्ग लागत र कन्स्ट्रक्सन पावर लाइन) | ४,१८,१६३।२२ | १,७८,४३६।७८ | ५,९६,६००।०० |
| ५.२ | पूर्व सञ्चालन र व्यवस्थापन लागत | १,००,०००।०० | ०।०० | १,००,०००।०० |
| **६.** | **कुल अन्य लागत (६.१ ± ६.२)** | **१२८,८८२.५४** | **(४०,८८२।५४)** | **८८,०००।००** |
| ६.१ | निर्माण अवधिको बीमा लागत (कुल आधार लागतको १%) | ७५,३९२।५४ | (७५,३९२।५४) | ०।०० |
| ६.२ | निर्माण अवधि भरिको प्रबर्द्धक लागत | ५३,४९०।०० | ३४,५१०।०० | ८८,०००।०० |
| **७.** | **कुल भौतिक भइपरि आउने लागत (७.१ ± ७.२ ± ७.३)** | **८,१८,९२०।५०** | **(२,८४,७७०।४४)** | **५,३४,१५०।०७** |
| ७.१ | भौतिक भइपरि आउने लागत (सतही सिभिल कार्यको ५%) | २,३७,८९४।६१ | (६८,१८४।२४) | १,६९,७१०।३८ |
| ७.२ | भौतिक भइपरि आउने लागत (भूमिगत सिभिल कार्यको १०%) | ४,५४,७७८।९४ | (१७२,६३९।८३) | २,८२,१३९।१२ |
| ७.३ | भौतिक भइपरि आउने लागत (हाइड्रो मेकानिकल कार्यको ७ % तथा अस्थायी लागत) | १,२६,२४६।९५ | (४३,९४६।३८) | ८२,३००।५८ |
| **८.** | **कुल आर्थिक भइपरि आउने लागत (८.१ ± ८.२)** | **४,२६,७५०।२०** | **७४,५५३।०३** | **५,०१,३०३।२४** |
| ८.१ | आर्थिक भइपरि आउने लागत (कुल सिभिल कार्यको ७%) | ३,५१,००२।०३ | ८४,०८९।८८ | ४,३५,०९१।९१ |
| ८.२ | आर्थिक भइपरि आउने लागत (हाइड्रो मेकानिकल कार्य, इलेक्ट्रो मेकानिकल कार्य र विद्युत प्रसारण लाइन कार्यको ३ %) | ७५,७४८।१७ | (९,५३६।८४) | ६६,२११।३३ |
| **९.** | **प्रबर्द्धकको प्रावधान** | **०।००** | **१,००,०००।००** | **१,००,०००।००** |
| **१०.** | **कुल कर (१०.१ ± १०.२ ± १०.३)** | **९,९१,०७६।७२** | **(४७,४४२।१७)** | **९,४३,६३४।५६** |
| १०.१ | भन्सार शुल्क | २०,४४७।४९ | (४५६।६६) | १९,९९०।८३ |
| १०.२ | कर (भ्याट) | ९,७०,६२९।२३ | (६१,३०७।४३) | ९,०९,३२१।८० |
| १०.३ | टि.डी. एस. शुल्क | ०।०० | १४,३२१।९३ | १४,३२१।९३ |
| **११** | **कुल परियोजनाको लागत (कर बाहेक)** | **९८,३२,९१९।२३** | **११,३१,२००।०८** | **१,०९,६४,११९।३१** |
| **१२** | **कुल परियोजनाको लागत (कर सहित)** | **१,०८,२३,९९५।९५** | **१०,८३,७५७।९१** | **१,१९,०७,७५३।८६** |
| १३ | निर्माण समयमा ब्याज (आइ. डी. सी.) | १८,५६,००४।०५ | (५,१५,९८८।८१) | १३,४०,०१५।२४ |
| १४ | समुदायिक बिकास कार्यक्रम (कुल परियोजना लागतको ०.७५%) | ०।०० | ८२,२३०।९० | ८२,२३०।९० |
| १५ | कुल परियोजनाको लागत | १,२६,८०,०००।०० | ६,५०,०००।०० | १,३३,३०,०००।०० |

**(१२) मजदुर संगठनसँगाको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :** सो नभएको ।

**(१३) बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :** आयोजनाबाट उत्पादन हुने विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने भएको हुँदा बजारको सुनिश्चितता गरिएको र सो क्रममा अन्य उद्योगसंग प्रतिस्पर्धा गर्नु पर्ने अवस्था नरहेको ।

**(१४) प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण :** नेपाल विद्युत प्राधिकरण एकल ग्राहकको रुपमा रहेको ।

**(१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण) :**

**आयोजना निर्माण सम्पन्न गर्नका लागि मुख्य ठेकेदारहरु निम्न अनुसार रहेका छन्:**

क) आयोजनाको परामर्श कार्यका लागि परामर्शदाता सानिमा हाइड्रो एण्ड इन्जिनियरिङ्ग प्रा. लि. सँग मिति २०७४/०६/०५ मा सम्झौता भई कार्य सम्पादन गर्दै आईरहेको छ ।

ख) आयोजनाको मुख्य सिभिल निर्माण कार्यका लागि चिनियाँ ठेकेदार कम्पनी श्री चच्याङ्ग फर्स्ट हाइड्रो एण्ड पावर कन्स्ट्रक्सन ग्रुप कम्पनी सँग मिति २०७४/१२/२९ मा ठेक्का सम्झौता भई हाल निर्माण कार्य भईरहेको छ ।

ग) आयोजना हाइड्रोमेकानिकल कार्यका लागि ठेकेदार कम्पनी श्री माच्छापुच्छ्रे मेटल एण्ड मेशिनरी वर्क्स प्रा.लि.सँग मिति २०७६/०३/२६ मा ठेक्का सम्झौता भई हाल निर्माण कार्य भईरहेको छ ।

घ) इलेक्ट्रोमेकानिकल कार्यका लागि ठेकेदार कम्पनी श्री चोङ्गकिङ्ग वाटर एण्ड टर्बाइन वर्क्स कम्पनी प्रा.लि.,चीनसँग मिति २०७६/०९/०७ मा ठेक्का सम्झौता भई हाल निर्माण कार्य भईरहेको छ ।

ङ) आयोजनाको प्रशारण लाइन निर्माण कार्यका लागि ठेकेदार श्री कस्मिक ईलेक्ट्रिकल ईन्जिनियरिङ्ग एशोसियटस् प्रा.लि.सँग मिति २०७७/०२/२५ मा ठेक्का सम्झौता भई कार्य सम्पादन गर्दै आईरहेको छ ।

**ग.३.ख. सम्पत्तिको विवरण :**

**(क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :** हाल कम्पनी अन्तर्गतको मध्य तमोर जलविद्युत आयोजनाको निर्माण कार्य भईरहेको छ । हालसम्म कम्पनीको नाममा सृजना भईसकेको चल अचल सम्पत्ति सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

(२०७९ आषाढ मसान्तको वित्तीय विवरण अनुसार)

| क्र.सं. | सम्पत्तिको विवरण | कुल सम्पत्ति रकम रु. | संचित ह्रास रकम रु. | खुद सम्पत्ति रकम रु. हजारमा | सम्पत्ति रहेको स्थान | सम्पत्तिको अवस्था |
|---|---|---|---|---|---|---|
| (क) | कम्पनीतर्फ | | | | | |
| १. | कार्यालय उपकरणहरु, कम्प्युटर एक्सेसरीज, फर्निचर एण्ड फिक्सचर्स | १२,१०१ | ५,७७५ | ६,३२६ | केन्द्रिय कार्यालय तथा आयोजनास्थल | चालु अवस्थामा रहेको |
| २. | सम्पत्ति, प्लान्ट तथा उपकरणहरु | ३४,३८४ | ६,४५६ | २७,९२८ | | चालु अवस्थामा रहेको |
| ३. | सवारी साधन | ४३,७७४ | १९,३६५ | २४,४०९ | केन्द्रिय कार्यालय तथा आयोजनास्थल | चालु अवस्थामा रहेको |
| | **जम्मा (क)** | **९०,२५९** | **३१,५९६** | **५८,६६३** | | |
| | **(ख) आयोजनातर्फ** | | | | | |
| १. | बिकास क्रममा रहेका अमुर्त सम्पत्ति | ६,३७५,४०४ | - | ६,३७५,४०४ | आयोजनास्थल | चालु अवस्थामा रहेको |
| **जम्मा (ख)** | | **६,३७५,४०४** | **-** | **६,३७५,४०४** | | |
| **जम्मा (क) + (ख)** | | **६,४६५,६६३** | **३१,५९६** | **६,४३४,०६७** | | |

**(ख) बूँदा (१) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नुपर्ने :**

आयोजनाको भौतिक संरचनाहरु निर्माण गर्ने प्रयोजनका लागि कम्पनीले ताप्लेजुङ्ग जिल्लामा रहेको राष्ट्रिय वन क्षेत्रको कुल जम्मा ७.२० हेक्टर (१.६५ हे. स्थायी र ५.५५ हे. अस्थायी) (फुङलिङ न.पा.वडा नं. १०, फक्ताङलुङ गा.पा. वडा नं. १ र मिक्वाखोला गा.पा. वडा नं. २ मा रहेको सल्लेरी हाङगुडे थुम्मा खोला सामुदायिक वन समेत ) जग्गा ३० वर्षसम्म प्रयोग गर्न दिने र तहाँ रहेका विभिन्न प्रजातिका १४२ रुखबिरुवाहरु समेत हटाउन स्वीकृति दिने गरी नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६/३/१९ को निर्णय बमोजिम वन तथा भू-संरक्षण विभाग र सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड बिच मिति २०७६/०४/१६ गते सम्झौता भएको छ ।

सम्झौताको शर्त अनुसार ताप्लेजुङ्ग जिल्लामा राष्ट्रिय वनसँग जोडिएको समान भौगोलिक र परिस्थितिको करिब ३९.४५ रोपनी (२ हे.) निजी जग्गा खरिद गरी नेपाल सरकार वन तथा भू-संरक्षण विभागको नाममा मिति २०७७।११।२३ गते श्री डिभिजन वन कार्यालय, ताप्लेजुङ्ग मार्फत सट्टाभर्ना स्वरुप हस्तान्तरण गरी सकिएको छ । विभिन्न प्रजातिका १४२ वटा रुखविरुवा हटाउने सम्बन्धमा स्वीकृती प्राप्त भएतापनि आयोजनाको संरचना बनाउँदा रुखविरुवा नहटाई काम गर्ने प्रयत्न गरिएको र हालसम्म उक्त रुखबिरुवाहरु कटान गरी हटाउनु परेको छैन ।

वृक्षारोपण कार्य सम्बन्धमा डिभिजन वन कार्यालय ताप्लेजुङ्गमा मिति २०७८/१२/२८ गते भएको बैठकको निर्णय बमोजिम आयोजनाले सट्टा स्वरुप उपलब्ध गराएको जग्गामा बन्य जन्तु तथा घरपालुवा जनावरहरु बाट बचाउने उद्देश्यले फलामे एंगल पोस्ट प्रयोग गरि काडे तारले घेराबेरा गरि वृक्षारोपण गर्ने र वृक्षारोपणको लागि स्थानीय हावापानीसँग मिल्ने प्रजातिको विरुवा छनौट गर्न सल्लेरी हाङगुडे सामुदायिक वन उपभोक्ता समिति मार्फत गर्ने निर्णय गरी सोहि अनुसार मिति २०७९/०१/०५ मा वन उपभोक्ता समितिको सहकार्यमा आ. व. २०७८/७९ सम्म निम्न प्रजातिका बिरुवाहरु वृक्षारोपण कार्य सम्पन्न गरिएको छ र सामुदायिक वन उपभोक्ता समितिसंग समन्वय गरि एक जना वन हेरालु समेत राखिएको छ ।

| क्र. सं. | बिरुवाको प्रजाति | एकाई | संख्या | वृक्षारोपण स्थान |
|---|---|---|---|---|
| १ | टिक | वटा | १,१०० | लोरिदीन, सिस्ने |
| २ | मसला | वटा | २०० | लोरिदीन, जमुनेटार |
| ३ | सतिसाल | वटा | २०० | लोरिदीन, सिस्ने |
| ४ | कटहर | वटा | १०० | लोरिदीन, सिस्ने |
| | | **जम्मा वटा** | **१,६००** | |

त्यसै गरी, मध्य तमोर जलविद्युत आयोजना (७३ मे.वा.) बाट उत्पादन हुने विद्युत शक्तिलाई राष्ट्रिय प्रसारण लाईन प्रणालीमा समाहित गर्ने उद्देश्यले करिब ९ किलोमिटर लामो २२० के.भि. डबल सर्किट विद्युत प्रसारण लाईनको लागि आवश्यक २.४८ हेक्टर राष्ट्रिय वन (सामुदायिक वन सहित) तथा उक्त प्रसारण लाईनको रुटको दायाँ बायाँ (Right of Way – RoW) मा पर्ने रुखबिरुवा कटानका लागि कम्पनीले सम्बन्धित निकाय समक्ष निवेदन गरी स्वीकृतिको प्रक्रियामा रहेको छ ।

**(ग) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण :**

नेपाल इनभेष्टमेन्ट बैंक लिमिटेडको अगुवाई तथा नबिल बैंक लिमिटेड, ग्लोबल आइएमई बैंक लिमिटेड, एनएमबि बैंक लिमिटेड, नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड, लक्ष्मी बैंक लिमिटेड, नेपाल एसबिआई बैंक लिमिटेड र कृषि विकास बैंक लिमिटेडको सहभागितामा मिति २०७५/१०/२७ र २०७६/०५/०३ मा भएको सहवित्तीयकरण ऋण सम्झौता बमोजिम उक्त बैंकहरुले मध्य तमोर जलविद्युत आयोजना (७३ मे.वा.) निर्माणको लागि रु.९,५०,९५,००,००० (अक्षरेपी नौ अर्ब पचास करोड पन्चान्नब्बे लाख रुपैया मात्र) कर्जा लगानी गर्ने र उक्त कर्जा र सो को ब्याज तथा अन्य दस्तुर समेत खाम्ने गरी सुरक्षण बापत कम्पनीको नाममा ताप्लेजुङ्गमा रहेको आयोजनाका लागि खरिद गरिएका जग्गा तथा उक्त जग्गामा रहेका सम्पुर्ण संरचनाहरु समेत सहवित्तीयकरण सदस्य बैंकहरुको नाममा दृष्टिबन्धकको लिखत रजिष्ट्रेशन

पारित भएको छ । यसका साथै, साविकको आयोजना लागतमा विभिन्न कारणले गर्दा भएको अभिवृद्धिका कारण उक्त ऋण सम्झौतामा संशोधन गर्न आवश्यक रहेकोले अभिवृद्धि भएको लागत अनुसार बैंक सहवित्तीयकरण कर्जा सुविधामा संशोधनका लागि सो सम्बन्धमा मिति २०७९/०१/१५ मा बैंकहरुबाट In Principle Approval to finance additional cost प्राप्त भई सकेको छ ।

**(घ) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पतिको किताबी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण:** लागू नहुने ।

**(ङ) सम्पतिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण :** लागू नहुने ।

## ग. ३. ग. भावी योजना तथा रणनीति :

**(क) व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति :**

(१) कम्पनीको उद्देश्य मध्य तमोर जलविधुत आयोजना निर्माण गरी संचालन गर्ने रहेको र अन्य जलविद्युत आयोजना निर्माण तथा सञ्चालन गर्न सक्ने भएको हुँदा हाललाई कम्पनीको भावी योजना मध्य तमोर जलविधुत आयोजनाको निर्माण कार्य २०८० भाद्र २६ गते सम्म सम्पन्न गरेर यस आयोजनालाई सुचारु रुपमा सञ्चालन गर्ने र आयोजना निर्माणको क्रममा लिएका ऋण सुविधाहरु भुक्तानी गर्ने रहेको छ ।

(२) कम्पनीले सरकारी निकायहरुसँग भएको सम्झौता बमोजिम देशमा रहेको जलश्रोतको अधिकतम उपयोग गरी विद्युत उत्पादन गर्ने र सो उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरी देशलाई विद्युतमा आत्मनिर्भर बनाई देशलाई सम्वृद्ध बनाउन सहयोग गर्ने।

(३) कम्पनीको प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए बमोजिमका उद्देश्यहरु प्राप्तिका लागि व्यावसायिक रुपमा सम्भाव्य देखिएको जलविधुत आयोजनाहरुमा लगानी गर्ने ।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको ब्यबसायको भविष्य:**

नेपालमा जलविद्युत उत्पादनको प्रचुर सम्भावना रहेको भएता पनि वर्तमान अवस्थामा जलविद्युतको विकासको सम्भावना उच्च रहेको र कुल राष्ट्रिय उर्जा खपतको करीब ३% मात्र विद्युतबाट आपूर्ति भएको अवस्था देखिन्छ । देशमा माग बमोजिम जलविद्युत आपूर्तिको कमी रहेको हालको पृष्ठभूमिमा जलविद्युत आयोजना निर्माण गर्नु आफैंमा सह्रानिय काम भएको र विद्युत उत्पादन हुनु अगावै विद्युत खरिद बिक्री सम्बन्धि सम्झौता समेत सम्पन्न हुनुले यस क्षेत्रमा अन्य समान किसिमका उद्योगसँग प्रतिस्पर्धा नरहने हुँदा यस कम्पनीले जलविद्युत क्षेत्रमा आफ्नो अलग पहिचान स्थापित गर्न सफल हुनेछ । जलविद्युत आयोजनाहरुको पर्याप्त विकास हुन सके विद्युतको आन्तरिक खपत तथा छिमेकी राष्ट्रमा विद्युतको व्यापारको सम्भावना रहेको हुँदा नयाँ विद्युत आयोजनाहरुमा लगानी विस्तार गर्नका लागि कम्पनीको भविष्य राम्रो रहेको छ । त्यसैले हालको अवस्थामा यस व्यवसायमा प्रतिस्पर्धाको अवस्था सृजना हुनसक्ने सम्भावना ज्यादै न्यून रहेको छ । यसर्थ कम्पनीले आफ्नो व्यावसायको निरन्तरताका लागि अगाडि बढाएको जलविद्युत आयोजनाको निर्माण र अन्य आयोजनाहरुको पहिचान तथा विकास गर्दा अन्य वस्तुको उत्पादनमा जस्तो प्रतिस्पर्धा गर्नु पर्दैन । नेपालमा जलविद्युत आयोजनामा लगानीको राम्रो सम्भावना रहेको छ ।

## ग.३.घ. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

कम्पनीको नियमावलीको नियम ३१ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| संस्थापक शेयरधनीहरुबाट मनोनित वा निर्वाचित | ४ जना |
| सर्वसाधारण शेयरधनीहरु (स्थानीय बासिन्दा तथा संस्थाका कर्मचारी शेयरधनीहरु समेत) बाट निर्वाचित | २ जना |
| स्वतन्त्र सञ्चालक | १ जना |
| **जम्मा** | **७ जना** |

नोट: हाल यस कम्पनीमा संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने ४ (चार) जना तथा १ (एक) जना स्वतन्त्र सञ्चालक रहेको सञ्चालक समिति मात्र रहेको छ ।

कम्पनीको नियमावलीको नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ । तर संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालक र स्वतन्त्र सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन ।

## ग ३. ङ. हालसम्म भए गरेका मुख्य सम्झौता सम्बन्धि विवरणहरु

**विद्युत विकास विभागबाट प्राप्त अनुमति/इजाजत सम्बन्धि विवरणहरु**

| क्र. सं | अनुमतिपत्रको विवरण | क्षमता मे. वा. | अनुमतिपत्र संख्या नं. | अनुमति प्राप्त निर्णय मिति | सुरु मिति | समाप्त मिति |
|---|---|---|---|---|---|---|
| १. | विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र | ५७ | वि. वि. वि. ०६४।६५ वि. उ. स. ३०२ | २०६४।११।०२ | २०६४।११।०२ | २०६५।११।०१ |
| २. | विद्युत उत्पादन अनुमतिपत्र | ५४ | वि. वि. वि. ०७३।७४ वि. उ. ११८ | २०७४।०२।२२ | २०७४।०२।२२ | २१०९।०२।२१ |
| ३. | वि. उ. अ. को स्वामित्व हस्तान्तरण | ५४ | वि. वि. वि. ०७३।७४ वि. उ. ११८ | २०७४।०७।१६ | २०७४।०२।२२ | २१०९।०२।२१ |
| ४. | वि. उ. अ. को पहिलो संशोधन | ७३ | वि. वि. वि. ०७३।७४ वि. उ. ११८ | २०७५।०८।२४ | २०७४।०२।२२ | २१०९।०२।२१ |
| ५. | वि. उ. अ. को संशोधन | ७३ | वि. वि. वि. ०७३।७४ वि. उ. ११८ | २०७५।०९।२४ | २०७४।०२।२२ | २१०९।०२।२१ |
| ६. | वि. उ. अ. को म्याद थप | ७३ | वि. वि. वि. ०७३।७४ वि. उ. ११८ | २०७९।०१।१५ | २०७४।०२।२२ | २११०।०१।१५ |
| ७. | विद्युत प्रशारणको सर्वेक्षण अनुमतिपत्र | ५४।२२० के. भी. | वि. वि. वि. ०७३।७४ वि. प्र. स. २९० | २०७४।०३।०७ | २०७४।०३।०७ | २०७६।०३।०६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८. | वि. प. स. को हक हस्तान्तरण | ५४।२२० के. भी. | वि. वि. वि. ०७३।७४ वि. प्र. स. २९० | २०७६।०८।०५ | २०७४।०३।०७ | २०७६।०३।०६ |
| ९. | वि. प्र. स. अनुमतिपत्रको नविकरण तथा संशोधन | ७३।२२० के. भी. | वि. वि. वि. ०७३।७४ वि. प्र. स. २९० | २०७६।०३।१६ | २०७६।०३।०७ | २०७७।०३।०६ |
| १०. | वि. प्र. स. अनुमतिपत्रको नविकरण तथा संशोधन | ३५८।२२० के.भी. | वि. वि. वि. ०७३।७४ वि. प्र. स. २९० | २०७७।०४।२८ | २०७७।०३।०७ | २०७८।०३।०६ |
| ११. | विद्युत प्रशारणको अनुमतिपत्र | ३५८ | वि. वि. वि. ०७८।७९ वि. प्र. १६२ | २०७८।०६।१८ | २०७८।०६।१८ | २१०३।०६।१७ |

| क्र. स. | प्रबन्ध पत्रमा भएको दफा | नियमावलीमा भएको दफा | साविक भएको व्यहोरा | संशोधन / परिवर्तन भएको व्यहोरा | सञ्चालक समितिको निर्णय मिति | साधारण सभाबाट पारित मिति | बिशेष साधारणसभा बाट पारित मिति | कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति भएको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | दफा ६ (ख) | - | कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु. २,५५,००,००,०००।- (अक्षरेपी दुइ अर्ब पचपन्न करोड मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १०० दरका २,५५,००,००० (दुइ करोड पचपन्न लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ । | कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु. ३,००,००,००,०००।- (अक्षरेपी तिन अर्ब मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १०० दरका ३,००,००,००० (तिन करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ । | मिति: २०७४।०१।२५ | - | मिति: २०७४।०२।२१ | मिति: २०७४।०२।२८ | प्रबन्धपत्रमा भएको प्रथम संसोधन |
| २. | दफा २ | - | कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना: यस कम्पनि को रजिष्टर्ड कार्यालय जिल्ला काठमाडौं का.म.न.पा. वडा नं. १ मा रहने छ । आवश्कयता अनुसार स्वीकृति लिई अन्य ठाउँमा पनि शाखा कार्यालय खोल्न वा मूल कार्यालय नै स्थानान्तरण गर्न सकिने छ । | कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना: यस कम्पनि को रजिस्टर्ड कार्यालय जिल्ला काठमाडौं का.म.न.पा. वडा नं. ४ मा रहने छ । | मिति: २०७४।०५।०९ | - | मिति: २०७४।०५।२७ | मिति: २०७५।०२।३१ | प्रबन्धपत्रमा भएको दोश्रो संसोधन |
| ३. | दफा ६ (क) | - | यस कम्पनीको अधिकृत पूँजी रु. ३,००,००,००,०००।- (अक्षरेपी तिन अर्ब मात्र) हुनेछ र सो पूँजीलाई प्रति शेयर रु. १०० दरका ३,००,००,००० (तिन करोड) थान साधारण शेयरमा विभाजन गरियको छ । | यस कम्पनीको अधिकृत पूँजी रु. ३,५०,००,००,०००।- (अक्षरेपी तिन अर्ब पचास करोड रुपैंया मात्र) हुनेछ र सो पूँजीलाई प्रति शेयर रु. १०० दरका ३,५०,००,००० (तिन करोड पचास लाख मात्र) थान साधारण शेयरमा विभाजन गरियको छ । | मिति: २०७४।०५।०९ | - | मिति: २०७४।०५।२७ | मिति: २०७४।०२।३१ | प्रबन्धपत्रमा भएको दोश्रो संसोधन |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४. | - | नियम २ | कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना: यस कम्पनिको रजिष्टर्ड कार्यालय जिल्ला काठमाडौं का.म.न.पा. वडा नं. १ मा रहने छ । आवश्यकता अनुसार स्वीकृति लिई अन्य ठाउँमा पनि शाखा कार्यालय खोल्न वा मूल कार्यालय नै स्थानान्तरण गर्न सकिने छ । | कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना: यस कम्पनीको रजिष्टर्ड कार्यालय जिल्ला काठमाडौं का.म.न.पा. वडा नं. ४ मा रहने छ । | मिति: २०७४।०५।०९ | - | मिति: २०७४।०५।२७ | मिति: २०७५।०२।३१ | नियमावलीमा भएको प्रथम संसोधन |
| ५. | दफा ६ (ख) | | कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु. ३,००,००,००,०००।- (अक्षरेपी तिन अर्ब मात्र हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १०० दरका ३,००,००,००० (तिन करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ । (प्रबन्धपत्रमा दोश्रो संसोधन अनुसार) | कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु. ३,३३,२५,००,०००।- (अक्षरेपी तिन अर्ब तेत्तिस करोड पच्चिस लाख) मात्र हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १०० दरका ३,३३,२५,००० (तिन करोड तेत्तिस लाख पच्चिस हजार) थान साधारण शेयरमा विभाजन गरीयको छ । | मिति: २०७७।०८।१३ | मिति: २०७७।०९।१४ | | मिति: २०७७।११।२१ | प्रबन्धपत्रमा भएको तेश्रो संसोधन |
| ६. | | | कम्पनी ऐन २०६३ को दफा ३१ बमोजिम मिति २०७८।०७।०८ सम्ममा कम्पनी रजिष्ट्रारको कार्यालय बाट लगत प्रमाणित गरि चुक्ता भएको शेयर पुँजी रु. २,३३,२७,५०,०००।- | | | | | | |
| ७. | | | मिति २०७८ फाल्गुन ०२ मा कम्पनी रजिष्ट्रारको कार्यालयबाट आर्थिक वर्ष २०७७।२०७८ को कम्पनीको विवरण अध्यावधिक भएको छ । | | | | | | |

### नेपाल विद्युत प्राधिकरणसंग भएको विद्युत खरिद बिक्रि सम्झौता सम्बन्धि बिवरण

| क्र.सं | संझौताको संक्षिप्त बिषयबस्तु | क्षमता मेगावाट | सम्झौता मिति | RCOD मिति | समाप्त मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ग्रिड कनेक्सन एग्रिमेन्ट | ५२.१०० | ५८४।२०७१।११।२५ | | | |
| २. | विद्युत खरिद सम्झौता | ५२.१०० | २०७३।०९।२६ | २०७८।०५।२८ | आयोजनाबाट व्यापारीक उत्पादन मिति (COD ले ३० वर्ष वा विद्युत उत्पादन अनुमति पत्र (Generation License को अवधि मध्ये जुन घटी छ सो समय सम्म कायम रहने । | |
| ३. | विद्युत खरिद सम्झौताको स्वामित्व हस्तान्तरण | ५२.१०० | २०७५।०३।०१ | २०७८।०५।२८ | | |
| ४. | विद्युत खरिद सम्झौता पहिलो संशोधन | २०.९०० | २०७५।०८।१४ | २०७९।०४।०१ | | २०।९०० मे वा थप भएको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | विद्युत खरिद सम्झौता दोस्रो संशोधन | २०.९०० | २०७६।०६।१४ | २०७९।०४।०१ | | २०।९०० मे वा थप भएको लागि |
| ६. | विद्युत खरिद सम्झौता तेस्रो संशोधन RCOD म्याद थप | ७३.०० | २०७८।०७।२५ | २०७९।०५।२७ (आयोजनाको ५२.१ मे. वा.) र २०८०।०३।३१ (थप २०.९ मे. वा.) | | कोभिड-१९ महामारीका कारण काबु बाहिरको परिस्थिति उत्पन्न भई आयोजनामा असर परेको हुँदा नेपाल विद्युत प्राधिकरणको निर्णय अनुसार आयोजनाको ५२.१ मे. वा. तथा थप २०.९ मे. वा. क्षमताको RCOD म्याद २०८० साल भाद्र २६ सम्म थप भएको छ । |

**वातावरणीय अध्ययन स्वीकृति सम्बन्धि विवरण**

| क्र. सं | अनुमतिपत्रको विवरण | क्षमता मेगावाट | स्वीकृति दिने निकाय | निर्णय मिति | च.नं . प्राप्त मिति |
|---|---|---|---|---|---|
| १ | मध्य तमोर जलविद्युत आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन अध्ययन | ७५ मे. वा. | विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय | २०७०।०२।२३ | ४४८१।२०७।०२।२६ |
| २ | मध्य तमोर जलविद्युत आयोजनाको पूरक वातावरणीय प्रभाव मूल्यांकन अध्ययन | ५४ मे. वा. | जनसंख्या तथा वातावरण मन्त्रालय | २०७३।०८।२९ | १६४९।२०७३।०९।०१ |
| ३ | मध्य तमोर जलविद्युत आयोजनाको पूरक वातावरणीय प्रभाव मूल्यांकन अध्ययन | ७३ मे. वा. | वन तथा वातावरण मन्त्रालय | २०७५।०७।०६ | ४१६।२०७५।०७।१४ |
| ४ | २२० के. भि. प्रसारण लाइन आयोजनाको प्रारम्भिक वातावारणीय परिक्षण प्रतिवेदन | २२० के. भि. | विद्युत विकास विभाग, उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय | २०७८।०३।२९ | |

कम्पनि रजिष्ट्रारको कार्यालय बाट अभिलेख भएको विवरण:

**ग.४. पुँजी संरचना सम्बन्धी जानकारी :**

**(क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्सम्वन्धी विवरण :**

अधिकृत पुँजी : कम्पनीको अधिकृत पूँजी रु.३,५०,००,००,०००/- (अक्षरेपी तीन अर्ब पचास करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले ३,५०,००,००० (तीन करोड पचास लाख) थान शेयरमा विभाजन गरिएको छ ।

जारी पुँजी : कम्पनीको जारी पूँजी रु.३,३३,२५,००,०००/- (अक्षरेपी तीन अर्ब तेत्तिस करोड पच्चिस लाख मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले ३,३३,२५,००० (तीन करोड तेत्तिस लाख पच्चिस हजार) थान शेयरमा विभाजन गरिएको छ ।

चुक्ता पुँजी : कम्पनीको संस्थापकहरुबाट तत्काल चुक्ता पूँजी रु.२,३३,२७,५०,०००/- (अक्षरेपी दुई अर्ब तेत्तिस करोड सत्ताईस लाख पचास हजार मात्र) तथा कम्पनी/आयोजनामा कार्यरत कामदार/कर्मचारीहरुबाट रु.१६,६६,२५,०००/- (अक्षरेपी सोह्र करोड छैसठ्ठी लाख पच्चिस हजार मात्र) गरी रु.२,४९,९३,७५,०००/- (अक्षरेपी दुई अर्ब उनान्पचास करोड त्रियान्नब्बे लाख पचहत्तर हजार मात्र) चुक्ता भइसकेको छ । आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई (आयोजना प्रभावित क्षेत्र आयोजनाको मुख्य संरचना र प्रशारण लाइन रहेको ताप्लेजुङ्ग जिल्लाको फुङलिङ नगरपालिका वडा नं. १, २, ९ र १०, फक्ताङलुङ गाउँपालिका वडा नं. १ तथा मिक्वाखोला गाउँपालिका वडा नं. १ र २, मेरिङदेन गाउँपालिका वडा नं. २ र ३, आठराई त्रिवेणी गाउँपालिका वडा नं. ५ तथा मैवाखोला गाउँपालिका वडा नं. १ र ताप्लेजुङ्ग जिल्लामा बसोवास गर्ने नेपाली नागरिकहरुलाई) निष्काशन गरिने प्रति शेयर अंकित मुल्य रु. १००/– अंकित दरको ३३,३२,५०० कित्ताको रु.३३,३२,५०,०००/- (अक्षरेपी तेत्तिस करोड बत्तिस लाख पचास हजार मात्र) तथा सर्वसाधारणमा निष्काशन गरिने १५% अर्थात रु.४९,९८,७५,०००/- (अक्षरेपी उनान्पचास करोड अन्ठान्नब्वे लाख पचहत्तर हजार रुपैंया मात्र) रकम बराबरको रु.१००/– अंकित दरको ४९,९८,७५० कित्ता शेयर (वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि १०% अर्थात ४,९९,८७५ कित्ता र सामुहिक लगानी कोषहरुलाई ५% अर्थात् २,४९,९३७ कित्ता समेत) निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.३,३३,२५,००,०००/- (अक्षरेपी तीन अर्ब तेत्तिस करोड पच्चिस लाख मात्र) हुनेछ ।

**कम्पनी संस्थापना भए पश्चात पुँजी संरचनामा भएको परिवर्तन सम्वन्धि विवरण :**

| क्र. सं. | आर्थिक वर्ष | कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्रमाणित मिति | अधिकृत पुँजी | | जारी पुँजी | | चुक्ता पुँजी |
|---|---|---|---|---|---|---|---|
| | | | साविक | परिवर्तन भएको | साविक | परिवर्तन भएको | |
| १. | २०७४र ७५ | २०७४/०२/२८ | | | २,५५,००,००,०००/- | ३,००,००,००,०००/- | |
| २. | २०७६र ७७ | २०७७/०३/३१ | ३,००,००,००,०००/- | ३,५०,००,००,०००/- | | | |
| ३. | २०७७/७८ | २०७७/११/२१ | | | ३,००,००,००,०००/- | ३,३३,२५,००,०००/- | |
| ४ | २०७८/७९ | २०७८/०७/०८ | | | | | २,३३,२७,५०,०००/- |

**(ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :**

कम्पनीको प्रबन्धपत्रको दफा ६ मा उल्लेख भए अनुसार यस निष्काशन पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

| क्र. सं. | शेयरधनीहरु | साधारण शेयर संख्या | चुक्ता रकम (रु.) | पूँजी संरचना | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| १. | संस्थापक शेयरधनी समुह "क" | २,३३,२७,५०० | २,३३,२७,५०,००० | ७०% | शत् प्रतिशत चुक्ता |
| २. | सर्वसाधारण शेयरधनी समुह "ख" | | | | |
| क. | कम्पनी/आयोजनामा कार्यरत कर्मचारीहरु/कामदार | १६,६६,२५० | १६,६६,२५,००० | ५% | शत् प्रतिशत चुक्ता |
| ख. | स्थानीय बासिन्दाहरु | ३३,३२,५०० | ३३,३२,५०,००० | १०% | निष्काशन पश्चात |
| ग. | सर्वसाधारणहरु (वैदेशिक रोजगारिमा रहेको नेपाली तथा सामुहिक लगानी कोष समेत) | ४९,९८,७५० | ४९,९८,७५,००० | १५% | |
| | **जम्मा** | **३,३३,२५,०००** | **३,३३,२५,००,०००** | **१००%** | |

नोट: कम्पनी/आयोजनामा कार्यरत कर्मचारीहरु/कामदारहरुको लागि निष्काशन गरिएको शेयरलाई आगामी वार्षिक साधारण सभाबाट पारित गरी प्रचलित कानुन अनुसार समूह मिलान गरिनेछ ।

**(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्) :** शेयर प्रिमियम खाताको व्यवस्था हाल नरहेको ।

## ग.५. संस्थापक/संचालक सम्बन्धी जानकारी :

### ग.५.क. संस्थापक/सञ्चालकको पृष्ठभूमी :

**(क) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव, र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :** आधारभूत शेयरधनीको विवरण :

| क्र. स. | नाम, ठेगाना | पद | शेयर स्वामित्व (कित्ता) | राष्ट्रियता | उमेर | पेशा | शैक्षिक योग्यता | अनुभव (पुर्व र हाल कार्यरत) |
|---|---|---|---|---|---|---|---|---|
| १. | सानिमा माई हाईड्रोपावर लि. ठेगाना: का.म.न.पा. वडा नं. ०४, काठमाण्डौ | संस्थापक | ५३,३२,००० | लागु नहुने | लागु नहुने | लागु नहुने | लागु नहुने | लागु नहुने |
| २. | एन.आर.एन. इनफ्रास्टक्चर एण्ड डेभलपमेन्ट लि. ठेगाना: का.म.न.पा. वडा नं. १२, काठमाण्डौ | संस्थापक | १२,५१,२२५ | लागु नहुने | लागु नहुने | लागु नहुने | लागु नहुने | लागु नहुने |
| ३. | सानिमा बैंक लि. ठेगाना: का.म.न.पा. वडा नं. ०१, काठमाण्डौ | संस्थापक | ११,१०,८३३ | लागु नहुने | लागु नहुने | लागु नहुने | लागु नहुने | लागु नहुने |
| ४. | रुबिन पावर प्रा.लि. ठेगाना: का.म.न.पा. वडा नं. ०४, काठमाण्डौ | संस्थापक | ८,५९,००७ | लागु नहुने | लागु नहुने | लागु नहुने | लागु नहुने | लागु नहुने |
| ५. | सानिमा हाईड्रोपावर लि. ठेगाना: का.म.न.पा. वडा नं. ०४, काठमाण्डौ | संस्थापक | ४,४८,०४९ | लागु नहुने | लागु नहुने | लागु नहुने | लागु नहुने | लागु नहुने |
| ६. | नरेन्द्र प्रजापति ठेगाना: का.म.न.पा. वडा नं. ३०, काठमाण्डौ | संस्थापक | ३,५७,२५७ | नेपाली | ६० वर्ष | व्यापार तथा व्यवसाय | व्यवस्थापनमा स्नातकोत्तर, त्रिभुवन विश्वविद्यालय | सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड तथा अन्य जलविद्युत कम्पनीमा प्रवर्द्धक, संस्थापक तथा शेयरधनीको रुपमा आवद्ध रहेको कार्यानुभव |
| ७. | अन्जना श्रेष्ठ (होडा) ठेगाना: का.म.पा. वडा नं. ०७, काठमाण्डौ | संस्थापक | ३,५६,८०१ | नेपाली | ५२ वर्ष | व्यापार तथा व्यवसाय | व्यवस्थापनमा स्नातकोत्तर, त्रिभुवन विश्वविद्यालय | सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड तथा अन्य जलविद्युत कम्पनीमा प्रवर्द्धक, संस्थापक तथा शेयरधनीको रुपमा आवद्ध रहेको कार्यानुभव |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८. | कैलाश प्रसाद सिरोहिया<br>ठेगाना: जनकपुर उ.प.न.पा. ०१, धनुषा | संस्थापक | ३,५५,४६७ | नेपाली | ६० वर्ष | व्यापार तथा व्यवसाय | व्यवस्थापनमा स्नातकोपाधि, त्रिभुवन विश्वविद्याल | कान्तिपुर पब्लिकेशन लिमिटेडको प्रबन्ध सञ्चालक, सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड तथा अन्य जलविद्युत कम्पनीमा प्रवर्द्धक, संस्थापक तथा शेयरधनीको रुपमा आवद्ध रहेको कार्यानुभव |
| ९. | जय गणेश इनभेष्टमेन्ट प्रा. लि.<br>ठेगाना: का.म.न.पा. वडा नं. ०३, काठमाण्डौ | संस्थापक | ३,५५,४६७ | लागु नहुने | लागु नहुने | लागु नहुने | लागु नहुने | लागु नहुने |
| १०. | क्यासकेड इन्भेष्टमेन्ट प्रा.लि.<br>ठेगाना: का.म.न.पा. वडा नं. १०, काठमाण्डौ | संस्थापक | ३,३६,७७७ | लागु नहुने | लागु नहुने | लागु नहुने | लागु नहुने | लागु नहुने |

## सञ्चालकको विवरण:

| क्र.स. | नाम, ठेगाना | पद | उमेर | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | अनुभव | प्रस्तावित व्यापार र व्यवसायमा अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्री विनय कुमार श्रेष्ठ<br>ठेगाना: गोरखकाली न.पा-१ गोरखा<br>हाल का.म.न.पा.-०४, काठमाण्डौ<br>(प्रतिनिधि: सानिमा हाइड्रोपावर लि.) | सञ्चालक/ अध्यक्ष | ५५ वर्ष | नेपाली | स्वयं : ११,१०८ कित्ता<br>संस्थागत : ४४८०४९ कित्ता | एम.एस.सी. ईन्जिनियरिङ्ग -सिभिल), सिभिल ईन्जिनियरिङ्ग ईन्स्टिच्युट, रुस | १) सञ्चालक-अध्यक्ष, सानिमा मिडिल तमोर हाइड्रोपावर लि. (२०७७-हाल सम्म)<br>२) अध्यक्ष, सानिमा बैंक लि., (२०७३ देखि २०७७ सम्म)<br>३) सञ्चालक, सानिमा हाइड्रोपावर लि. (२०७५ देखि हाल सम्म)<br>४) सञ्चालक, माथिल्लो मैलुङ्ग खोला जलविद्युत लि. (२०७८ देखि २०७९ पौष १२ गते सम्म)<br>५) सञ्चालक, सानिमा फाउण्डेशन, | सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडमा सञ्चालक/ अध्यक्षको पदमा रही कार्यानुभव |
| २. | श्री अपार न्यौपाने<br>ठेगाना:<br>वयियावर्ता-०३, मोरङ्ग | सञ्चालक | ४५ वर्ष | नेपाली | स्वयं : १,४५,६३३ कित्ता | व्यवस्थापनमा स्नातकोत्तर | १) सञ्चालक, सानिमा मिडिल तमोर हाइड्रोपावर लि., २०७८ देखि हाल सम्म)<br>२) प्रमूख कार्यकारी अधिकृत, सिम्पल ईनर्जी प्रा.लि. (२०७४ देखि हाल सम्म)<br>३) सल्लाहकार, टोकियो ईलेक्ट्रिक पावर, जापान (२०७३ देखि हाल सम्म)<br>४) व्यापार प्रबन्धक, स्टाटक्राफ्ट एएस, नेपाल शाखा (२०७२ देखि २०७३ सम्म)<br>५) व्यापार सल्लाहकार/ विश्लेषक, हिमाल पावर लि. (२०७२ सम्म)<br>६) व्यापार सल्लाहकार/ विश्लेषक, सिडिसी ग्रुप, बेलायत (२०७२ सम्म) | सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडमा सञ्चालक तथा अन्य जलविद्युत संस्थाहरुमा आवद्ध रहेको कार्यानुभव |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३. | श्रीमती उषा खतिवडा<br>ठेगाना: भोटेचौर-०७<br>सिन्धुपाल्चोक<br>(प्रतिनिधि:एन.आर.एन.<br>इन्फ्रास्टक्चर एण्ड<br>डेभलपमेन्ट लि.) | सञ्चालक | ४१ वर्ष | नेपाली | संस्थागत : १२,५१,२२५ कित्ता | ग्रामिण विकासमा स्नातकोत्तर | १) सञ्चालक, सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड<br>(२०७७ देखि हाल सम्म)<br>२) प्रमूख कार्यकारी अधिकृत, एन.आर.एन.इनफ्रास्टक्चर एण्ड डेभलपमेन्ट लि.<br>(२०७६ देखि हाल सम्म)<br>३) प्रबन्धक, मानव संसाधन तथा प्रशासन, सानिमा लाइफ ईन्स्योरेन्स लि.<br>(२०७४ देखि २०७६ सम्म)<br>४) प्रमूख सञ्चालन अधिकारी, एन.आर.एन. ईन्भेष्टमेन्ट लि.<br>(२०६९ देखि २०७४ सम्म)<br>५) प्रबन्धक, मानव संशाधन, सानिमा माई हाइड्रोपावर लिमिटेड,<br>(२०६७ देखि २०६९ सम्म) | सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडमा सञ्चालक तथा अन्य जलविधुत संस्थाहरुमा आवद्ध रहेको कार्यानुभव |
| ४. | श्री ब्रज भुषण चौधरी<br>ठेगाना: डाम्ही-०४,<br>महोत्तरी | स्वतन्त्र-सञ्चालक | ६० वर्ष | नेपाली | नभएको | ईलेक्ट्रिकल ईन्जिनियरिङ्गमा स्नातक | १) स्वतन्त्र-सञ्चालक, विज्ञ, सानिमा मिडिल तमोर हाइड्रोपावर लि.<br>(२०७८ देखि हाल सम्म)<br>२) उप-प्रबन्ध निर्देशक, नेपाल विद्युत प्राधिकरण, (२०७४ देखि २०७६ सम्म)<br>३) प्रबन्धक, ग्रिड सञ्चालन विभाग<br>४) क्षेत्रीय निर्देशक, हेटौडा तथा विराटनगर विभाग, नेपाल विद्युत प्राधिकरण, (२०७४ देखि २०७६ सम्म)<br>५) प्रबन्धक, कर्पोरेट योजना तथा अनुगमन शाखा, नेपाल विद्युत प्राधिकरण, (२०६७ देखि २०६८ सम्म)<br>६) वरिष्ठ ईन्जिनियर, केन्द्रिय प्रशारण शाखा, नेपाल विद्युत प्राधिकरण (२०४७ देखि २०६८ सम्म)<br>७) ईन्जिनियर, नेपाल विद्युत प्राधिकरण (२०४५ देखि २०४७ सम्म) | जलविद्युत उत्पादन, प्रशारण तथा वितरण गर्ने नियामक निकाय<br>नेपाल विद्युत प्राधिकरणमा उप-प्रबन्ध निर्देशक लगायत अन्य पदमा कार्यरत रहि ३० वर्ष भन्दा बढीको कार्यानुभव |
| ५. | श्री शिव कुमार बस्नेत<br>दहथुम ६, स्याङ्जा<br>(प्रतिनिधि:सानिमा माई हाइड्रोपावर लि.) | सञ्चालक | ६० वर्ष | नेपाली | संस्थागत: ५३,३२,००० कित्ता | हाइड्रोलिक तथा सिभिल इञ्जिनियरिङ्ग | १) सञ्चालक, सानिमा मिडिल तमोर हाइड्रोपावर लि., २०७९ भाद्र देखि हाल सम्म)<br>२)उप-महानिर्देशक, जलश्रोत तथा सिंचाई विभाग, (२०४३ देखि २०७७ सम्म)<br>३) डेपुटी टिम लिडर, TRTR Team for Priority River Basin Flood Risk Management Project, जलश्रोत तथा सिंचाई विभाग | जलश्रोत तथा सिंचाई विभागमा उप-महानिर्देशक लगायत अन्य पदमा कार्यरत रहि करिब ३४ वर्ष भन्दा बढीको कार्यानुभव |

(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका सञ्चालकहरुको नाम, ठेगाना, (प्राकृतिक ब्यक्ति नखुलेसम्म) :

| क्र. सं | संस्थापकहरुको नाम तथा ठेगाना | संक्षिप्त विवरण | सञ्चालकहरुको नाम तथा ठेगाना | संगठित संस्थामा सञ्चालकहरुले धारण गरेको शेयर कित्ता |
|---|---|---|---|---|
| १. | तमोर सानिमा ईनर्जी प्रा. लि. ठेगाना: का.म.न.पा.-०४, काठमाण्डौ | सम्बन्धित निकायबाट अनुमतिपत्र प्राप्त गरी जलविद्युत ऊर्जा उत्पादन, प्रसारण तथा वितरण गर्ने उद्देश्यका साथ कम्पनी ऐन, २०६३ बमोजिम श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६५/०७/२९ मा दर्ता भई सञ्चालनमा रहेको एक संगठित संस्था हो । | १.श्री पुष्प ज्योती ढुङ्गाना - सञ्चालक/अध्यक्ष पोखरा म.न.पा.-२६, कास्की हाल ल.पु.म.न.पा.-३, ललितपुर<br>२. श्री प्रकृतिराज तिमिल्सिना -सञ्चालक पोखरा म.न.पा.-२७, कास्की हाल का.म.न.पा.-१०, काठमाण्डौ<br>३. श्री सुदिप रोका -सञ्चालक फत्तेपुर-३, सप्तरी | १) स्वयं : -५६,५०० कित्ता<br>२) स्वयं:-१,५०० कित्ता<br>३) नभएको |
| २. | सानिमा हाइड्रोपावर लिमिटेड ठेगाना: का.म.न.पा.-०४, काठमाण्डौ | सम्बन्धित निकायबाट अनुमतिपत्र प्राप्त गरी जलविद्युत ऊर्जा उत्पादन, प्रसारण तथा वितरण गर्ने उद्देश्यका साथ कम्पनी ऐन, २०६३ बमोजिम श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७१/०३/१३ मा दर्ता भई सञ्चालनमा रहेको एक संगठित संस्था हो । | १) श्री अरुण कुमार ओझा - कार्यकारी अध्यक्ष बुढानिलकण्ठ न.पा. वडा नं. ४, काठमाण्डौ (प्रतिनिधि- अमला ईन्भेष्टमेन्ट प्रा. लि.)<br>२) श्री विनय कुमार श्रेष्ठ - सञ्चालक गोरखकाली न.पा.वडा नं. ९, गोरखा<br>३) श्री रामकृष्ण शाह - सञ्चालक कुमरोज गा.वि.स. वडा नं. ७, चितवन | १) संस्थागत: ६,१२,०००कित्ता<br>२) ३,६०,००० कित्ता<br>३) ३,६०,००० कित्ता |
| ३. | सानिमा माई हाइड्रोपावर लिमिटेड का.म.न.पा. वडा नं. ०४, काठमाण्डौ । | सम्बन्धित निकायबाट अनुमतिपत्र प्राप्त गरी जलविद्युत ऊर्जा उत्पादन, प्रसारण तथा वितरण गर्ने उद्देश्यका साथ कम्पनी ऐन, २०६३ बमोजिम श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६८/१२/३ मा दर्ता भई सञ्चालनमा रहेको एक संगठित संस्था हो । | १) श्री टेक राज निरौला - अध्यक्ष खैरहनी, चितवन<br>२) श्री तुक प्रसाद पौडेल -सञ्चालक सौडियार, दाङ्ग<br>३) श्री खेमराज लामिछाने -सञ्चालक पदमपुर, चितवन<br>४) श्री महेश घिमिरे-स्वतन्त्र सञ्चालक मध्यपुरथिमी-१५, भक्तपुर<br>५) श्री भरत कुमार पोखरेल-सञ्चालक का.म.पा.-३४, काठमाण्डौ<br>६) सुश्री सिमरन कुमारी भिमसरिया-सञ्चालक कामनपा-३२, काठमाण्डौ (प्रतिनिधि मयुर गणेश ईन्भेष्टमेन्ट प्रा.लि.)<br>७) श्री हितमान गुरुङ्ग - सञ्चालक पोखरा ६, कास्की | १) १,३३,१०० कित्ता<br>२) ४,६५८ कित्ता<br>३) १५९,७२० कित्ता<br>४) नभएको<br>५) ७८२ कित्ता<br>६) संस्थागत: १३,०३,२५४ कित्ता<br>७) २,९२,६०० कित्ता |
| ४. | आर्शा ईन्भेष्टमेन्ट प्रा.लि. का.म.न.पा.-०२, काठमाण्डौ | बैंक तथा वित्तीय संस्था, जलविद्युत कम्पनी, आवास कम्पनी, भौतिक पूर्वाधार लागायतका कम्पनीहरुको शेयर खरिद गरी लगानी गर्ने उद्देश्यका साथ कम्पनी ऐन, २०६३ बमोजिम श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७१/०४/०१ मा दर्ता भई सञ्चालनमा रहेको एक संगठित संस्था हो । | १) श्री घनश्याम थापा-सञ्चालक/अध्यक्ष का.म.न.पा.-०२, काठमाण्डौ<br>२) श्रीमति गिता क्षेत्री - सञ्चालक का.म.न.पा.-०२, काठमाण्डौ | १) २५,००० कित्ता<br>२) २५,००० कित्ता |
| ५. | रुबिन पावर प्रा.लि. का.म.न.पा.-०४, काठमाण्डौ | सम्बन्धित निकायबाट अनुमतिपत्र प्राप्त गरी जलविद्युत ऊर्जा उत्पादन, प्रसारण तथा वितरण गर्ने उद्देश्यका साथ कम्पनी ऐन, २०६३ बमोजिम श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६४/०४/०२ मा दर्ता भई सञ्चालनमा रहेको एक संगठित संस्था हो । | १) श्री डा. उपेन्द्र महतो-सञ्चालक/अध्यक्ष कर्जन्हा-७, सिराहा<br>१) श्री डा. समता प्रसाद-सञ्चालक/अध्यक्ष कर्जन्हा-७, सिराहा | १) १३,४३,००० कित्ता<br>२) ७,००० कित्ता |

| | | | | |
|---|---|---|---|---|
| ६. | एन.आर.एन. इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लि. ठेगाना: का.म.न.पा. वडा नं. १२, काठमाण्डौ | बैंक तथा वितीय संस्था, जलविद्युत कम्पनी, आवास कम्पनी, भौतिक पूर्वाधार लागायतका कम्पनीहरुको शेयर खरिद गरी लगानी गर्ने उद्देश्यका साथ कम्पनी ऐन, २०६३ बमोजिम श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७१/०४/०१ मा दर्ता भई सञ्चालनमा रहेको एक संगठित संस्था हो । | १) श्री जीवनाथ लामिछाने -सञ्चालक/अध्यक्ष मस्को, रसिया<br>२) श्री शेष घले -सञ्चालक २२ क्लेभरडेल ए. एभन्यु, भिआईसी ३१४२, अष्ट्रेलिया<br>३) श्री कृष्ण प्रसाद पाण्डे -सञ्चालक हङकङ,चीन<br>४) श्री महेश कुमार श्रेष्ठ -सञ्चालक शिवालय न.पा.वडा नं.९ पर्वत<br>५) श्री कुल आचार्य -सञ्चालक धाईरिङ-९ पर्वत<br>६) श्री हिक्मत थापा -सञ्चालक अछाम बन्नीगढी गा.पा. वडा नं.६<br>७) श्री संगिता के.सी. -सञ्चालक नयाँ नैकाप-७ काठमाण्डौ<br>८) श्री भरत कुमार थापा -सञ्चालक सिद्धार्थनगर-५, भैरहवा, रुपन्देही<br>९) श्री अम्बिका प्रसाद पौडेल -सञ्चालक धापासी-५ काठमाण्डौ<br>१०) श्री रमेश पोखरेल -स्वतन्त्र सञ्चालक सुकेधारा, काठमाण्डौ, नेपाल<br>११) श्री दिलिप कुमार मुनकर्मी -स्वतन्त्र सञ्चालक चाँगु नारायण ७, खरिपाटी, भक्तपुर | १) ८२,९४० कित्ता<br>२) ५५,२९३ कित्ता<br>३) ११०,५८७ कित्ता<br>४) ८२,९४० कित्ता<br>५) ५५,२९४ कित्ता<br>६) ४४,२३६ कित्ता<br>७) १,६४५ कित्ता<br>८) १,५४२ कित्ता<br>९) १,०२८ कित्ता<br>१०) नभएको<br>११) नभएको |
| ७. | सानिमा बैंक लिमिटेड का.म.न.पा. वडा नं. १, काठमाण्डौ | यो कम्पनी, सम्बन्धित निकायबाट अनुमतिपत्र प्राप्त गरी बैंक तथा वित्तिय क्षेत्रमा बैंक तथा वित्तिय कार्य गर्न गराउन का लागि दर्ता कायम भई सञ्चालनमा रहेको संगठित संस्था हो । | १) श्री तुकप्रसाद पौडेल -सञ्चालक/ अध्यक्ष सौडियार, दाङ<br>२) श्रीमती गायत्री थापा, जोरपाटी, बौद्ध-सञ्चालक<br>३) श्री भरत कुमार पोखरेल, का.म.पा.-३४, काठमाण्डौ -सञ्चालक<br>४) श्री महेश घिमिरे -सञ्चालक मध्यपुर थिमी - १५, भक्तपुर<br>५) श्री बलराम पराजुली - सञ्चालक का.म.न.पा-३, काठमाण्डौ<br>६) डा. केशव प्रसाद आचार्य - सञ्चालक इनरुवा ३, सुनसरी | १) ८०,८०७ कित्ता<br>२) ८४७ कित्ता<br>३) ७,१७९ कित्ता<br>४) १,५०८ कित्ता<br>५) २,८३८ कित्ता<br>६) ३,३०,९९९ कित्ता |
| ८. | जय गणेश इन्भेष्टमेन्ट कम्पनी प्रा. लि. का.म.न.पा. वडा नं. ३, काठमाण्डौ । | सम्बन्धित निकायबाट अनुमतिपत्र प्राप्त गरी आयात निर्यात व्यापार गर्ने, विभिन्न बैंक तथा वित्तिय संस्थाको शेयरमा लगानी गर्ने उद्देश्यका साथ कम्पनी ऐन, २०६३ बमोजिम उद्योग विभाग, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६४/०८/०९ मा दर्ता भई सञ्चालनमा रहेको एक संगठित संस्था हो । | १) श्री सोनाम ग्याछो -सञ्चालक/अध्यक्ष का.जि.का.म.न.पा. वडा नं. ६<br>२) श्री कुसाङ दोर्जे लामा -सञ्चालक का.जि.का.म.न.पा. वडा नं. २६ | १) ५,७०,००० कित्ता<br>२) ३,८०,००० कित्ता |
| ९. | क्यासकेड इन्भेष्टमेन्ट प्रा. लि. का.म.न.पा.-१०, काठमाण्डौ | बैंक तथा वितीय संस्था, जलविद्युत कम्पनी ,आवास कम्पनी, भौतिक पूर्वाधार लागायतका कम्पनीहरुको शेयर खरिद गरी लगानी गर्ने उद्देश्यका साथ कम्पनी ऐन, २०६३ बमोजिम श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७१/०४/०१ मा दर्ता भई सञ्चालनमा रहेको एक संगठित संस्था हो । | १) श्री जिवनाथ लामिछाने -सञ्चालक/अध्यक्ष हाल का.म.न.पा.-१०, काठमाण्डौ<br>२) श्री अनुराग लामिछाने -सञ्चालक का.म.न.पा.-१०, काठमाण्डौ | १) १,२५,००० कित्ता<br>२) ५,००,००० कित्ता |

| | | | | |
|---|---|---|---|---|
| १०. | शिखर इन्स्योरेन्स लि.<br>का.म.न.पा.-३५, काठमाण्डौ | विभिन्न प्रकारका निर्जिवन बिमा लगायतका बिमा सेवा उपलब्ध गराउने तथा विभिन्न संगठित संस्था, जलविद्युत कम्पनी ,आवास कम्पनी, भौतिक पूर्वाधार लागायतका कम्पनीहरुको शेयर खरिद गरी लगानी गर्ने उद्देश्यका साथ कम्पनी ऐन, २०६३ बमोजिम श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६९/०२/१५ मा दर्ता भई सञ्चालनमा रहेको एक संगठित संस्था हो । | १) श्री राजेन्द्र प्रसाद श्रेष्ठ -सञ्चालक/अध्यक्ष<br>काठमाण्डौ-१३, महाराजगञ्ज<br>२) श्री रमेश कुमार लुईटेल -सञ्चालक<br>ललितपुर-१३, कुसुन्ती, स्मृतीनगर<br>३) श्री सौरभ ज.ब.राणा -सञ्चालक<br>ललितपुर-९, सुनाकोठी<br>४) डा.श्रृजना श्रेष्ठ -सञ्चालक<br>बालुवाटार, काठमाण्डौ<br>५) श्री स्कन्द अमात्य -सञ्चालक<br>काठमाण्डौ-१७, ठहिटि टोल<br>६) श्री दिनेश बज्र बज्राचार्य -सञ्चालक<br>काठमाण्डौ-३०, बगैंचा मार्ग, तहाचल | १) ३,८५,८०२ कित्ता<br>२) ११,४३,९८७ कित्ता<br>३) ४,७०६ कित्ता<br>४) ४३३ कित्ता<br>५) ४४,२४१ कित्ता<br>६) ८६५ कित्ता |
| ११. | अक्षर बाग ईन्भेष्टमेन्ट प्रा.लि.<br>का.म.न.पा.-११, काठमाण्डौ | बैंक तथा वितीय संस्था, जलविद्युत कम्पनी, आवास कम्पनी, भौतिक पूर्वाधार लागायतका कम्पनीहरुको शेयर खरिद गरी लगानी गर्ने उद्देश्यका साथ कम्पनी ऐन, २०६३ बमोजिम श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७३/०८/२९ मा दर्ता भई सञ्चालनमा रहेको एक संगठित संस्था हो । | १) श्री रविन्द्र जङ्ग लामिछाने -सञ्चालक/अध्यक्ष<br>का.म.न.पा.-११, काठमाण्डौ | १) २,१८,००० कित्ता |
| १२. | होलीकाउ ईन्भेष्टमेन्ट प्रा.लि.<br>ल.पु.उ.म.न.पा.-०१, ललितपुर | बैंक तथा वितीय संस्था, जलविद्युत कम्पनी, आवास कम्पनी, भौतिक पूर्वाधार लागायतका कम्पनीहरुको शेयर खरिद गरी लगानी गर्ने उद्देश्यका साथ कम्पनी ऐन, २०६३ बमोजिम श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७१/०४/०४ मा दर्ता भई सञ्चालनमा रहेको एक संगठित संस्था हो । | १) श्री कुल आचार्य -सञ्चालक/अध्यक्ष<br>धाइरिङ्ग गा.वि.स.-९, पर्वत | १) ८,००,००० कित्ता |
| १३. | युनियन ईन्भेष्टमेन्ट प्रा.लि.<br>का.म.न.पा.-११, काठमाण्डौ | बैंक तथा वितीय संस्था, जलविद्युत कम्पनी, आवास कम्पनी, भौतिक पूर्वाधार लागायतका कम्पनीहरुको शेयर खरिद गरी लगानी गर्ने उद्देश्यका साथ कम्पनी ऐन, २०६३ बमोजिम श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६५/०५/१५ मा दर्ता भई सञ्चालनमा रहेको एक संगठित संस्था हो । | १) श्री जगन्नाथ ज्ञवाली -सञ्चालक/अध्यक्ष<br>का.म.न.पा.-०२, काठमाण्डौ | १) १,००,००० कित्ता |
| १४. | हाथवे ईन्भेष्टमेन्ट नेपाल लि.<br>का.म.न.पा.-३०, काठमाण्डौ | बैंक तथा वितीय संस्था, जलविद्युत कम्पनी, आवास कम्पनी, भौतिक पूर्वाधार लागायतका कम्पनीहरुको शेयर खरिद गरी लगानी गर्ने उद्देश्यका साथ कम्पनी ऐन, २०६३ बमोजिम श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६५/१२/१४ मा दर्ता भई सञ्चालनमा रहेको एक संगठित संस्था हो । | १) श्री हेमराज ढकाल -सञ्चालक/अध्यक्ष<br>अमलाचौर-४, बागलुङ्ग<br>२) श्री अम्बिका प्रसाद पौडेल -सञ्चालक<br>धापासी-५, काठमाण्डौ<br>३) श्री उत्तम कुमार नेपाल -सञ्चालक<br>(प्रतिनिधि एस.आर. हाइड्रो एण्ड ईन्भेष्टमेन्ट प्रा.लि.)<br>४) श्री सुरज कुमार श्रेष्ठ -सञ्चालक<br>(प्रतिनिधि निमिषा ईन्भेष्टमेन्ट प्रा.लि.)<br>५) श्री कमल प्रसाद अर्याल -स्वतन्त्र/सञ्चालक | १) ४९,३४,१९३ कित्ता<br>२) १५,७४,१६० कित्ता<br>३)४५,९९,९५३ कित्ता<br>४)९,२६,२६४ कित्ता<br>५) नभएको |

| | | | | |
|---|---|---|---|---|
| १५. | ओब्जोर इन्भेष्टमेन्ट कम्पनी लिमिटेड का.म.न.पा. वडा नं. ०२, काठमाण्डौ । | यो कम्पनी, कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई प्रचलित कानुन बमोजिम स्वीकृति लिई स्वदेशी तथा विदेशी संघ-संस्था तथा व्यक्तिहरुसँग मिलेर उत्पादनमुलक, सेवा मुलक, वित्तिय तथा आवास निर्माण, जलविद्युत आयोजनाहरु निर्माण गरी जलविद्युत उत्पादन गर्ने, प्रसारण गर्ने, बिक्रि वितरण गर्ने, एवं विकास परियोजनाहरुसँग सम्बन्धित प्रा. लि. वा लिमिटेड कम्पनीहरुमा लगानी गरी संस्थापक तथा शेयरधनी भई सञ्चालन गर्ने गराउने उद्देश्यका साथ सञ्चालनमा रहेको संगठित संस्था हो । | १) श्री राजेश बस्याल -सञ्चालक/अध्यक्ष का.जि.का.म.न.पा. वडा नं. २<br>२) श्री दिपक राज कँडेल -सञ्चालक का.जि.का.म.न.पा. वडा नं. ३३, हाल का.म.न.पा. ३०<br>३) श्री सुवास थापा मगर -सञ्चालक सैंबु ५, ललितपुर | १) ४,९०० कित्ता<br>२) १,००० कित्ता<br>३) १,००० कित्ता |
| १६. | तारो ईन्भेष्टमेन्ट कम्पनी प्रा.लि. मध्यपुर थिमी-३, भक्तपुर | बैंक तथा वित्तीय संस्था, जलविद्युत कम्पनी, आवास कम्पनी, भौतिक पूर्वाधार लागायतका कम्पनीहरुको शेयर खरिद गरी लगानी गर्ने उद्देश्यका साथ कम्पनी ऐन, २०६३ बमोजिम श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७३/१०/०९ मा दर्ता भई सञ्चालनमा रहेको एक संगठित संस्था हो । | १) श्री विशाल भ राई -सञ्चालक/अध्यक्ष मुलपानी-०६, भोजपुर<br>२) श्री रञ्जु नेपाल -सञ्चालक टंकिशिनुवारी-३, मोरङ्ग | १) १,४०,००० कित्ता<br>२) ६०,००० कित्ता |
| १७. | अजिमा होल्डिङ्ग प्रा.लि. का.म.न.पा.-२५, काठमाण्डौ | बैंक तथा वित्तीय संस्था, जलविद्युत कम्पनी, आवास कम्पनी, भौतिक पूर्वाधार लागायतका कम्पनीहरुको शेयर खरिद गरी लगानी गर्ने उद्देश्यका साथ कम्पनी ऐन, २०६३ बमोजिम श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७३/०२/२७ मा दर्ता भई सञ्चालनमा रहेको एक संगठित संस्था हो । | १) श्री राजन प्रसाद अमात्य -सञ्चालक/अध्यक्ष रुरु गा.वि.स.-६, गुल्मी<br>२) श्री प्रदिप मान सिंह -सञ्चालक का.म.न.पा.-११, काठमाण्डौ<br>३) श्री रिना मल्ल -सञ्चालक का.म.न.पा.-१०, काठमाण्डौ<br>४) श्री विवेक आचार्य -सञ्चालक का.म.न.पा.-३३, काठमाण्डौ<br>५) श्री सृष्टि वैद्य श्रेष्ठ -सञ्चालक का.म.न.पा.-१७, काठमाण्डौ | १) १२,५०० कित्ता<br>२) १०,००० कित्ता<br>३) १०,००० कित्ता<br>४) ७,५०० कित्ता<br>५) ७,५०० कित्ता |
| १८. | एन.पि.आर. ईन्भेष्टमेन्ट प्रा.लि. का.म.न.पा.-१४, काठमाण्डौ | बैंक तथा वित्तीय संस्था, जलविद्युत कम्पनी ,आवास कम्पनी, भौतिक पूर्वाधार लागायतका कम्पनीहरुको शेयर खरिद गरी लगानी गर्ने उद्देश्यका साथ कम्पनी ऐन, २०६३ बमोजिम श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६३/११/१९ मा दर्ता भई सञ्चालनमा रहेको एक संगठित संस्था हो । | १) श्री निरञ्जन कुमार साहु -सञ्चालक कञ्चनपुर गा.वि.स.-६, सप्तरी<br>२) श्री परशुराम कार्की -सञ्चालक भीरपानी गा.वि.स.-३, रामेछाप | १) ८३,३३४ कित्ता<br>२) १,६६,६६६ कित्ता |

**ग) संगठित संस्थाको संचालकहरु अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :**

| क्र.स. | संचालकको नाम, ठेगाना | आबद्ध रहेको संस्थाको नाम, ठेगाना |
|---|---|---|
| १. | श्री विनय कुमार श्रेष्ठ | १. सञ्चालक-अध्यक्ष, सानिमा मिडिल तमोर हाइड्रोपावर लि., का.म.न.पा.-०४, काठमाण्डौ<br>२. सञ्चालक, सानिमा हाइड्रोपावर लि., का.म.न.पा.-०४, काठमाण्डौ<br>३. सञ्चालक, सानिमा फाउण्डेशन, का.म.न.पा.-०४, काठमाण्डौ |
| २. | श्री अपार न्यौपाने | १. सञ्चालक, सानिमा मिडिल तमोर हाइड्रोपावर लि., का.म.न.पा.-०४, काठमाण्डौ<br>२. प्रमुख कार्यकारी अध्यक्ष, सिम्पल इनर्जी प्रा.लि., का.म.न.पा.-०१, काठमाण्डौ<br>३. सञ्चालक, सानिमा जुम हाइड्रोपावर लि., का.म.न.पा.-०४, काठमाण्डौ |
| ३. | श्री उषा खतिवडा | १. सञ्चालक, सानिमा मिडिल तमोर हाइड्रोपावर लि., का.म.न.पा.-०४, काठमाण्डौ<br>२. प्रमुख कार्यकारी अधिकृत, एन.आर.एन.इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लि., का.म.न.पा.-०२, काठमाण्डौ |

| | | |
|---|---|---|
| ४. | श्री ब्रज भूषण चौधरी | १. सञ्चालक-स्वतन्त्र, सानिमा मिडिल तमोर हाइड्रोपावर लि., का.म.न.पा.-०४, काठमाण्डौ |
| ५. | श्री शिव कुमार बस्नेत | १) सञ्चालक, सानिमा मिडिल तमोर हाइड्रोपावर लि., २०७९ भाद्र देखि हाल सम्म) |

नोट: माथि उल्लेखित सञ्चालकहरुवाट सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ तथा कम्पनी ऐन, २०६३ का सम्पूर्ण ब्यवस्थाहरु पालना भएको छ ।

**(घ) संस्थापक/सञ्चालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

(क) कम्पनीको संस्थापक शेयर हस्तान्तरण, कम्पनी ऐन तथा धितोपत्र कारोवार सम्बन्धी प्रचलित कानून, प्रबन्धपत्र तथा नियमावलीको अधिनमा रहि गरिनेछ ।

(ख) सर्वसाधारण शेयरधनी समूह अर्न्तगत सर्वसाधारण बाहेक अन्य उपसमूह (संस्थापक, संगठित संस्थाका कर्मचारी तथा आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु) का लागि बाँडफाँड गरिएको/गरिने शेयर सर्वसाधारणलाई शेयर बाँडफाँड भएको मितिले तीन वर्षको अवधि पूरा नभई बिक्रि गर्न पाईने छैन ।

## ग. ५. ख. संस्थापक/सञ्चालकसँगको कारोबार :

**(क) संगठित संस्थाबाट कुनै संस्थापक/सञ्चालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए बापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :** सो नभएको ।

**(ख) बुँदा (क) मा उल्लेखित वस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका :** सो नभएको ।

## ग. ६. सीमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

## ग. ७. संगठित संस्थाको कर्मचारी सम्बन्धी जानकारी :

## ग. ७. क. संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :

**(क) संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले गरेको कामको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने ।**

| क्र. सं. | कर्मचारीको नाम | पद | योग्यता | नियुक्ति मिति | शेयर संख्या | अन्य लगानी | अनुभव |
|---|---|---|---|---|---|---|---|
**(घ) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मिति :** यो आयोजनाको व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date – RCOD) ५२.१ मे.वा. क्षमताको लागि २०७९ भाद्र २७ र थप २०.९ मे.वा. क्षमताको लागि २०८० आषाढ ३१ सम्म रहेकोमा विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस (Covid 19) को महामारीका कारण काबु बाहिरको परिस्थिति उत्पन्न भई नेपाल विद्युत प्राधिकरणबाट मिति २०७९/०४/०४ मा सार्वजनिक सूचना प्रकाशित गरी व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (RCOD) को म्याद थपका लागि आवेदन माग गरे बमोजिम कम्पनीले ५२.१ मे.वा. र थप २०.९ मे.वा. गरि कुल ७३ मे.वा. क्षमताको लागि व्यावसायिक उत्पादन शुरु गर्ने (RCOD) मिति २०८० भाद्र २६ गते कायम गरेको छ ।

**(ङ) संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य मुख्य बूँदाहरु :**

**<u>कम्पनीले खरिद गरेको उपकरणको मूल्य</u>** :

कम्पनीले आयोजनाको इलेक्ट्रोमेकानिकल कार्य अन्तर्गत पर्ने Turbine Generator, Transformer, Sub-station equipment लगायतका मेशिन तथा उपकरणहरुको Design, Manufacture, Supply Installation, Testing and Commissioning का लागि ठेकेदार कम्पनी श्री चोङ्गकिङ्ग वाटर एण्ड टर्बाइन वर्क्स कम्पनी प्रा. लि., चीनसँग मिति २०७६/०९/०७ मा ठेक्का सम्झौता भई हाल निर्माण कार्य भईरहेको र ठेक्का सम्झौता अनुसार यस कार्यको लागत विदेशी मुद्रातर्फ अमेरिकी डलर १,१६,०३,७६३ (अक्षरेपी एक करोड सोह्र लाख तीन हजार सात सय त्रिसठ्ठी मात्र) तथा रु.२,५१,४७,६२२/- ( अक्षरेपी दुई करोड एकाउन्न लाख सत्चालिस हजार छ सय बाईस रुपैंया मात्र) रहेको छ जस मध्ये हाल सम्म रु.५३,०६,१५,७१३.३०/- (अक्षरेपी त्रिपन्न करोड छ लाख पन्ध्र हजार सात सय तेह्र रुपैंया तीस पैसा मात्र) भुक्तानी भई उपकरण तथा सामाग्री प्राप्त भईसकेको छ ।

**(च) कुनै पार्टीसँग प्रतिलिपि अधिकार ट्रेडमार्क इजाजतपत्र रोयल्टी सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम ठेगाना सम्बन्धी विस्तृत विवरण :**

प्राविधिक परामर्शदाता सानिमा हाइड्रो एण्ड इन्जिनियरिङ्ग प्रा. लि., धुम्बाराही ४, काठमाण्डौसँग मिति २०७४/०६/०५ मा सम्झौता भई कार्य सम्पादन गर्दै आईरहेको उक्त सम्झौताको प्रमुख शर्तहरु निम्न अनुसार रहेका छन् :

- सानिमा हाइड्रो एण्ड इन्जिनियरिङ्ग प्रा.लि. द्वारा प्रदान गरिएको पूर्व-निर्माण सहायता टेण्डर प्रक्रिया, सम्भावित बोलकर्ताहरु सँग संवाद, मूल्यांकनमा आधारित ठेकेदारको छनौट तथा करार पश्चात वार्तामा सहायता प्रदान गर्ने, परामर्शदाताको समन्वयमा निर्माण सुपरिवेक्षण टोलीको गठन गरी निर्माण सुपरिवेक्षण गर्ने ।
- **निर्माण तथा सञ्चालन चरण:** कार्यतालिकाको तयारी, सम्बन्धित ठेकेदार कम्पनी लगायत कर्मचारीहरुको तालिका सहितको संस्थागत चार्ट, ठेकेदारहरुको कार्य प्रगतिको निरीक्षण, निर्माण सुपरिवेक्षण, ठेकेदारहरु तथा इन्टरफेस कार्यहरुको सम्बन्धमा समन्वय बैठक गर्ने र कार्य स्थीतिका सम्बन्धमा अध्यावधिक गराउने, मासिक प्रगती प्रतिवेदन बुझाउने, बैंकको प्राविधिक परामर्शकर्तहरुसँग समन्वय गर्ने, आयोजना सुपरिवेक्षण, गुणस्तर कायम, दैनिक रुपमा प्रगती निरिक्षण, डिजाइन अद्यावधिक/परिमार्जन, लागत स्थीतिका सम्बन्धमा सामयिक संवाद, भेरिएशन र ओभरसम, ठेकेदारपका दाबीहरु जाँच गर्ने, परिक्षण तथा सञ्चालनका लागि टोली गठन गर्ने, परिक्षण म्यानुअलको आवश्यकता अनुरुप पुनरावलोकन, जाँच तथा संशोधन गर्ने ।
- **निर्माण पछिका कार्यहरु:** पूरक प्रतिवेदन तयारीका सम्बन्धमा जिम्मेवार रहने तथा विद्युत विकास विभाग, नेपाल विद्युत प्राधिकरणद्वारा तोकिएका मापदण्डमा आधारित रेखाचित्र निर्माण गर्ने र उत्पादन अनुमति पत्र बमोजिमका अनुसूची बुझाउने, सिभिल, हाइड्रोमेकानिकल, ईलेक्ट्रोमेकानिकल, प्रसारण लाईन तथा अन्य ठेकेदारहरुको बिल फाइनल गर्ने ।
- आवश्यकता अनुसार रोजगारदाताका कर्मचारीलाई परामर्शदाताका कर्मचारीद्वारा अस्थायी रुपमा प्रतिस्थापन गर्ने ।

**(छ) उत्पादन सम्बन्धी आयोजना भए सो को प्रकृति प्रयोगकर्ता प्रतिस्पर्धा लक्षित समूह, उत्पादन क्षमता विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :** यस आयोजनाको जडित क्षमता ७३ मेगावाट र बार्षिक उत्पादन क्षमता ४२९.४०९ गिगावाट घण्टा रहेको छ । यसबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणलाई बिक्रि गरिने छ । विद्युत बिक्रिका लागि प्रतिस्पर्धा गर्नु पर्ने अवस्था रहेको छैन ।

**ज) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलव्धता र त्यसको श्रोत :** ताप्लेजुङ्ग जिल्लाको फुङलिङ नगरपालिका वडा नं. ९ र १०, फक्ताङलुङ गाउँपालिका वडा नं. १ तथा मिक्वाखोला गाउँपालिका वडा नं. २ को सिमा भएर बग्ने तमोर नदिको पानी उपयोग गरिने छ । सो स्रोत उपयोगका लागि उर्जा मन्त्रालयबाट ३६ वर्षका लागि अनुमति प्राप्त भएको छ ।

**(झ) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत :** ताप्लेजुङ्ग जिल्लाको फुङलिङ नगरपालिका वडा नं. ९ र १०, फक्ताङलुङ गाउँपालिका वडा नं. १ तथा मिक्वाखोला गाउँपालिका वडा नं. २ को सिमा भएर बग्ने तमोर नदिको पानी ।

**(ञ) सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नु पर्ने ।**

(अ) निष्काशन तथा बिक्रि प्रबन्धक – रु. १,००,०००/–

(आ) ट्रष्टी (डिवेन्चर निष्काशनको हकमा) – निष्काशन गरिने डिवेन्चर नभई साधारण शेयर भएको ।

(इ) प्रत्याभूतिकर्ता शुल्क – रु. १२,४९,६८७/५०

(ई) विज्ञहरुको पारिश्रमिक वा सेवा शुल्क – वित्तीय प्रक्षेपण प्रमाणिकरण तथा अन्य कार्य गरे वापतको शुल्क रु ४०,०००/– (कर बाहेक)

(उ) लेखापरीक्षकको शुल्क – आ.व. २०७८/२०७९ को लेखापरीक्षण शुल्क बापत रु.१,१०,०००/–(मुल्य अभिवृद्धि कर बाहेक) ।

(ऊ) अन्य (जस्तै संकलन केन्द्र, निष्काशन बैंक आदि) – संकलन केन्द्रहरुले रकम संकलन तथा फिर्ता भुक्तानी गरे बापत (स्थानीय बासिन्दा तथा सर्वसाधारणहरुलाई निष्काशन गरिने समेत) अन्य खर्चहरु संकलन केन्द्रसंग सहमति भए वमोजिम हुनेछ ।

**ग. १०. ग. सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई आयोजनामा प्रयोग गर्नु पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण:**

सो नभएको ।

**ग. १०. घ. प्रिमियममा धितोपत्र जारी गर्ने भएमा :**

प्रिमियममा शेयर जारी नगरिएको ।

**ग. १०. ङ. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :**

**(क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया :**

यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्याभन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

१. शेयर बाँडफाँड गर्दा सर्वप्रथम सबै आवेदकलाई १० (दश) कित्ताको दरले बाँडफाँड गरिने छ ।

२. बुँदा (१) बमोजिम बाँडफाँड गरे पश्चात बाँकि रहेको निष्काशित शेयर आवेदकहरुलाई पून: १० (दश) कित्ताको दरले बाँडफाँड गरिने छ ।

३. बुँदा (२) बमोजिम शेयर बाँडफाँडको प्रकृया सम्पन्न भए पश्चात् धितोपत्र बाँकि भएमा सोहि प्रकृया अपनाई बाँडफाँड गरिने छ ।

४. उपरोक्तानुसार शेयर बाँडफाँड गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँड गर्न अपुग हुने अवस्थामा न्यूनतम दश कित्ता पाउने गरी गोला प्रथाबाट आवेदक छनौट गरि गरिने छ ।

५. शेयर बाँडफाँड तालिकाका सम्बन्धमा बोर्डलाई जानकारी गराइनेछ ।

६. शेयर बाँडफाँडको जानकारी बाँडफाँड गरेको भोली पल्टसम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराइने छ ।

७. कम्पनीका कर्मचारीहरुलाई शेयर बाँडफाँड गर्दा कम्पनीको सञ्चालक समितिको निर्णय बमोजिम गरिएको छ ।

८. आयोजना प्रभावित क्षेत्र, बैदेशिक रोजगारीमा रहेका नेपाली नागारिकहरुलाई छुट्याइएको शेयर न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँड गरी बाँडफाँड हुन बाँकि रहेको शेयर सर्वसाधारण समुहमा थप गरी बाँडफाँड गरिनेछ । साथै, सर्वसाधारण समुहबाट समेत न्यून माग भएमा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँड गरी बाँडफाँड हुन बाँकि रहेको शेयर कम्पनी र प्रत्याभुतीकर्ताबीच भएको प्रत्याभूति सम्बन्धी सम्झौता बमोजिम प्रत्याभूतिकर्ताले खरिद गर्नेछ ।

९. आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई सुरक्षित गरिएको शेयर मध्ये अति प्रभावित क्षेत्रका बासिन्दाहरुलाई छुट्याईएको शेयर सोही क्षेत्रका आवेदकहरुलाई तथा कम प्रभावित क्षेत्रका बासिन्दाहरुलाई छुट्याईएको शेयर सोही क्षेत्रका आवेदकहरुलाई मात्र बाँडफाँड गरिनेछ । साथै एक क्षेत्रबाट निष्काशन गरिएको शेयर भन्दा बढीको आवेदन प्राप्त भई अर्को क्षेत्रमा निष्काशन गरिए भन्दा कम शेयर खरिदका लागि आवेदन प्राप्त हुन आएमा बढि माग भए बराबरको शेयर अर्को क्षेत्रमा थप गरि बाँडफाँड गरिनेछ ।

**(ख) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था:**

स्थानियवासीको हकमा दरखास्त फारम भरि आवेदन दिनुहुने आवेदकलाई शेयर बिक्री बन्द भएको मितिले वोर्डले निर्धारित गरेको समय भित्र शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत तथा अस्वीकृत भएको व्यहोरा जनाईएको बाँडफाँड-पत्र र फिर्ता भुक्तानी रकम बुझाएको स्थानबाट नै फिर्ता भुक्तानी हुने ब्यवस्था गरिनेछ । यस विवरण-पत्र मार्फत जारी गरिएको शेयर संख्या भन्दा बढी संख्यामा शेयर खरिदको लागि आवेदन प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको **"धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका,२०७४"** को अधिनमा रहि बाँडफाँड गरिनेछ । यदी माग भन्दा कम शेयरको लागि आवेदन प्राप्त भएमा नियम अनुसार गरिनेछ । सर्वसाधारण समुहको हकमा धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ (आस्बा) मा भएको व्यवस्था बमोजिम सहभागि बैंक तथा वित्तीय संस्थाहरुबाट हुनेछ । उक्त निर्देशिकाको व्यवस्था बमोजिम आवेदकको खातामा नै आवेदन रकम रोक्का राखिने भएकोले शेयरको अत्याधिक माग भई प्रत्येक आवेदकले माग गरे बमोजिमको शेयर बाँडफाँड गर्न नसकिने अवस्थामा निजलाई बाँडफाँड भएको शेयर बापतको रकम मात्र माग गरी बाँकि रकम सोही खातामा कानुन बमोजिम सहभागी बैंकबाट नै रोक्का फुकुवा हुने व्यवस्था मिलाईनेछ ।

**(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :**

**"धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४"** ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँड पत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको विक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने ब्याज सहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिनेछ तथा बैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुबाट प्राप्त आवेदनको हकमा धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ (आस्बा) ले गरेको ब्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएको, जस अनुसार आवेदककै बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेको ।

**(घ) धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधी :** निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात "धितोपत्र केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७" को नियम २४ को उपनियम ७ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ ।

**(ङ) धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण :** सो नभएको ।

**(च) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा विक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद र बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :** यस विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयर धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँड गरी दोश्रो वजारमा कारोवार हुने व्यवस्थाको लागि नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकरण तथा सि.डि.एस. एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गराई कारोवार हुने व्यवस्था मिलाइनेछ । साथै, सूचिकरण पश्चात संस्थापक, आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरु तथा निष्काशनकर्ता कम्पनीका कर्मचारीहरुका लागि छु याई निष्काशन गरिएको साधारण शेयर तोकिएको समयावधिसम्म खरिद बिक्रि गर्न नमिल्ने गरी हितग्राही खातामा जम्मा गर्ने व्यवस्था मिलाइने छ ।

**ग. १०. च. प्रत्याभूति सम्बन्धी विवरण :**

**(क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :**

१. धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम : श्री एन.आई.बि.एल. एस क्यापिटल लिमिटेड ।

२. ठेगाना : का. म. न. पा. वडा नं. ०२, लाजिम्पाट काठमाण्डौ ।

३. प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम : रु.१०० अंकित दरका ४९,९८,७५० कित्ता शेयरले हुने रकम रु. ४९,९८,७५,०००/- आयोजना

प्रभावित क्षेत्रका स्थानिय बासिन्दाको लागि निष्काशन गरिएको ३३,३२,५०० कित्ता शेयर पुर्ण वा आंशिक रुपमा बिक्रि नभएको खण्डमा बिक्रि नभएको सो शेयर सर्वसाधारणलाई निष्काशन गरिने ४९,९८,७५० कित्ता शेयरमा थपिनेछ र बिक्रि नभएको बाँकि कित्ता शेयरको प्रति शेयर रु.१००/- अंकित दरले हुने रकम पनि प्रत्याभूतिकर्ताले प्रत्याभूति गर्न मञ्जुर गरेको छ । उक्त बिक्रि हुन बाँकि रकमको प्रत्याभूति गरे बापत कम्पनीले प्रत्याभूतिकर्तालाई कमिसन शुल्क ०.२५% का दरले हुने रकममा आवश्यक कर कट्टी गरी उपलब्ध गराउन मञ्जुर गरेको छ ।

**(ख) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य मुख्य बूँदाहरु :**

१. कम्पनीको जारी पूँजी मध्येको १५ प्रतिशतले हुने रु.४९,९८,७५,०००/- (अक्षरेपी उनन्पचास करोड अन्ठान्नब्बे लाख पचहत्तर हजार रुपैंया मात्र) बराबरको ४९,९८,७५० कित्ता साधारण शेयर सर्वसाधारणलाई जारी गर्नका लागि प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को परिच्छेद ४ को दफा १७ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट ईजाजतपत्र प्राप्त प्रत्याभुतिकर्ताले उल्लेखित शेयरका लागि प्रत्याभूति सेवा प्रदान गर्ने ।

२. यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरुमा प्रत्याभूतिकर्ताको दायित्व प्रत्याभूति गर्न यस सम्झौता बमोजिम कबुल गरेको शेयर कित्ताले खामेसम्मको मात्र दायित्व बहन गर्नेछ ।

३. प्रत्याभूतिकर्ताले आफू नेपाल धितोपत्र बोर्डबाट सदस्यता प्राप्त धितोपत्र व्यवसायी रहेको र कम्पनीको ४९,९८,७५० कित्ता शेयर रु. १००/– अंकित दरले शेयरको मूल्य रु. ४९,९८७५,०००/- (अक्षरेपी उनन्पचास करोड अन्ठान्नब्बे लाख पचहत्तर हजार रुपैंया मात्र) तथा आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरुका लागि जारी गरिएको सम्पुर्ण शेयर बिक्रि नभएमा सो समेत थप गरी प्रत्याभूति गर्न कानूनी र आर्थिक रुपमा सक्षम आधिकारिक संस्था हो भनी उद्घोषण गरेको छ ।

४. कम्पनीको शेयर सर्वसाधारणमा बिक्रि गर्दा सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा प्रत्याभूतिकर्ताको दायित्व स्वतः समाप्त हुनेछ ।

५. प्रत्याभूति गरेको शेयर ग्रहण गर्नु परेमा उक्त शेयर ग्रहण गरेपछि सर्वसाधारण शेयरधनी सरह प्रत्याभूतिकर्तालाई शेयरप्रतिको हक अधिकार प्राप्त हुनेछ ।

६. यस सम्झौताको कार्यान्वयन र व्याख्यामा मत भिन्नता भएमा वा विवाद उत्पन्न भएमा दुवै पक्षको सहकार्यमा विवाद निरुपण गरिनेछ । सो बाट विवाद निरुपण नभएमा प्रचलित ऐन बमोजिम विवाद निरुपण गरिनेछ ।

७. दुवै पक्षहरुको आपसी सहमतिमा यस सम्झौतामा भएको शर्त/बन्देजहरु फेरबदल र संशोधन गर्न सकिनेछ । त्यस्तो फेरबदल र संशोधनलाई यस सम्झौताकै अभिन्न अंग मानिनेछ ।

**ग. १०. छ. आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :** यस विवरणपत्र अनुसार निष्काशन गरिएको शेयरको बाँडफाँडमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानुन अनुसार हुनेछ ।

**(ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय, कामनपा-४, शंखपार्क, धुम्बाराही, काठमाण्डौ वा धितोपत्र निष्काशन तथा बिक्रि प्रबन्धक सानिमा क्यापिटल लिमिटेड सम मार्ग, नक्साल, काठमाण्डौमा सम्पर्क राखी हेर्न वा प्राप्त गर्न सकिनेछ ।

२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरका लागि सर्वसाधारणहरुले दरखास्त दिंदा न्युनतम १० कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले १० कित्ताभन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम २०,००० कित्ता साधारण शेयर खरिद गर्नका लागि आवेदन दिन सकिने छ ।

**(ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

**आयोजना प्रभावित क्षेत्रको वासिन्दाहरुको हकमा**

आयोजना प्रभावित क्षेत्र आयोजनाको मुख्य संरचना र प्रशारण लाइन रहेको ताप्लेजुङ्ग जिल्लाको फुङलिङ नगरपालिका वडा नं. १, २, ९ र १०, फक्ताङलुङ गाउँपालिका वडा नं. १, मिक्वाखोला गाउँपालिका वडा नं. १ र २, मेरिङ्देन गाउँपालिका वडा नं. २ र ३, आठराई त्रिवेणी गाउँपालिका वडा नं. ५ तथा मैवाखोला गाउँपालिका वडा नं. १ र ताप्लेजुङ्ग जिल्लामा बसोवास गर्ने नेपाली नागरिकहरुले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् ।

१. आवेदकले दरखास्त फारममा तोके बमोजिमको सम्पूर्ण विवरण भरी अनिवार्य रुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दा प्रमाणित गर्ने नागरिकता वा स्थानिय निकायबाट जारी कागजात सहित दरखास्त फारम बुझाउनु पर्नेछ ।

२. १६ बर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपि स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फारम बुझाउँदा पेश गर्नुपर्नेछ ।

३. १६ बर्षभन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपि संरक्षकद्धारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ । साथै दरखास्त फारममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ ।

४. विवाह भई आएका महिलाका हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरेको हुनु पर्नेछ ।

५. बसाईं सराई गरी आएको हकमा सार्वजनिक निष्काशन हुने मिति भन्दा अगावै बसाई सराई गरी आएको प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरेको हुनुपर्नेछ ।

६. माथि उल्लेखित हुन छुटेका विवरण प्रक्रियामा विवाद आएमा सम्बन्धित स्थानीय निकायको निर्णय सहितको सिफारिस पत्र ।
८. आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नाबालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानुन बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ ।
९. धितोपत्र खरिद गर्नका लागि दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरिदको लागी दरखास्त फारम बुझाउनु पर्नेछ ।
१०. आवेदन फारम बुझाउँदा दरखास्त फारममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ ।
११. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्नेछ । यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा सम्पुर्ण आवेदनलाई रद्द गरिनेछ ।
१२. साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फारममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदका लागि दरखास्त बुझाउनु पर्नेछ । यसरी दरखास्त फारममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरूमा दरखास्त फारम बुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ ।
१३. आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुले शेयर खरिद गरेमा सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन् ।
१४. सम्पूर्ण दरखास्तवालाहरु (नाबालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फारममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ ।
१५. रु.५०,०००/-भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउण्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।
१६. रु.५ लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु. ५ लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान (PAN No.) नम्बर दरखास्त फारममा खुलाउनु पर्नेछ । यस अतिरिक्त रु. ५,००,०००/- (अक्षरेपी पाँच लाख मात्र) वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।
१७. दरखास्तवालाले एकाघर परिवार बाहेक एक भन्दा बढी दरखास्त फारम समावेश गरी आवेदन दिएको अवस्थामा प्रत्येक दरखास्तवालाले आफ्नै खाताको एकाउण्टपेयी चेक बुझाउनुपर्नेछ ।
१८. हितग्राही खाता खोली सकेको आवेदकको हकमा हितग्राही खाता नं. उल्लेख गर्नुपर्नेछ ।

**नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकहरुको हकमा** :

१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति लिई विदेशमा बसी रोजगारी गरिरहेका नेपाली नागरिकहरुले यस विवरणपत्र अनुसार आवेदन गर्न पाउनेछन् ।
२. यस विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने विदेशमा बसी रोजगारी गरिरहेका नेपाली नागरिकहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धि कार्य गर्न अनुमति प्राप्त आस्बा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ ।
३. शेयरमा आवेदन गर्न विप्रेषण (रेमिट्यान्स) बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनु पर्नेछ ।
४. निष्काशित शेयरमा आवेदन दिएका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले स्थानियवासी तथा सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन् साथै अन्य शर्त तथा व्यवस्थाहरु सर्वसाधारण समुहले पुरा गर्नुपर्ने व्यवस्था अनुसार हुनेछ ।

**सर्वसाधारणमा निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् :**

१. यस विवरण पत्रबाट निष्काशन हुने धितोपत्र खरिदका लागि दरखास्त दिन चाहने सर्वसाधारणले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ बमोजिम सार्वजनिक निष्काशन प्रणाली मार्फत आवेदन संकलन गर्न आवद्ध ASBA सेवामा सहभागी बैंक तथा वित्तीय संस्था तथा तिनका शाखा कार्यालयहरुबाट आवेदन दिन सक्नेछन् ।
२. आस्बा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाले ASBA अर्न्तगत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केद्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।
३. सर्वसाधारणको हकमा सि.डि.एस. एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराइएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । **तर आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको हकमा उक्त सेवा लागू हुने छैन ।**
४. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सि.डि.एस.सी.को अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँडमा समावेश नगरिने हुंदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।
५. धितोपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गर्न चाहेको धितोपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धक मार्फत त्यस्तो दरखास्त फाराम रद्द गरिने हुंदा सो कुराको जानकारी आवेदक स्वयंले जानकारीमा लिनु पर्नेछ ।
६. धितोपत्र बाँडफाँड गर्नु पूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनु पर्नेछ ।
७. शेयरको बाँडफाँड गरी सूचीकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने ब्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।

**ग.११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :**

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न ब्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था सँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रुपमा रहेको ब्यक्ति : कम्पनीको नियमित व्यवस्थापन कार्यमा संलग्न भए बापत मासिक रुपमा पारिश्रमिक लिएको ।

**(ख) आधारभूत शेयरधनी :** सानिमा हाइड्रो एण्ड इन्जिनियरिङ्ग प्रा. लि., धुम्बाराही ४, काठमाण्डौसँग प्राविधिक परामर्श सम्झौता भएको

**(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै ब्यक्तिको एकाघर परिवारको सदस्य :** कारोबार नभएको ।

**(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था :** नभएको ।

**(ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ बर्ष अगाडिको अवधिमा संस्थाको सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा :** छैन ।

**(च) कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने :** ऋण कारोबार गरेको छैन ।

**ग.१२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :**

नभएको ।

**विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था सञ्चालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु :** नभएको ।

**ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा देहायको विवरण उल्लेख गर्नु पर्ने :**

**(क) संगठित संस्थाको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्या:** निष्काशनकर्ता कम्पनी सूचीकृत संस्था नभएको ।

**(ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्रको संख्या :** सो नभएको ।

**ग.१४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण : सो नभएको ।**

**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखीत गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण :** सो नभएको ।

**ग.१५. परामर्शदाता/ बिशेषज्ञ सम्बन्धी विवरण :**

**(क) लेखापरिक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वितीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

**अ) लेखापरीक्षक:** कम्पनीको आ.व.२०७८/७९ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षण गर्न श्री एस.ए.आर. एसोसियट्स, चार्टर्ड एकाउण्टेन्टस् संस्थालाई नियुक्ति गरिएको छ ।

आ) यस निष्काशनको लागि प्रमुख बैंकको व्यवस्था गरिएको छैन ।

**इ) निष्काशन बैंक (Bankers to the Issue) :** यस निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

| क्र.सं. | निष्काशन बैंकको नाम, ठेगाना | खाताको नाम | खाता नम्बर |
|---|---|---|---|
| १. | श्री सानिमा बैंक लिमिटेड, नक्साल, काठमाण्डौ । | Sanima Capital Ltd (Sanima Middle Tamor) | ०२००१००१०००००२९० |

साथै आवश्यकता अनुसार नेपाल धितोपत्र बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंकहरु तथा राष्ट्रियस्तरको विकास बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

ई) यस विवरणपत्रमा उल्लेखित वितीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको जलविद्युत बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा कम्पनी व्यवस्थापनबाट तयार गरी चार्टर्ड एकाउण्टेन्टस् संस्था श्री बराल एण्ड के.सी. एसोसिएट्सले पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गरेको छ ।

**(ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरु :** सो नभएको ।

**ग.१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :**

यो परियोजना निर्माण गर्नका लागि संस्थापक शेयरधनीहरुको स्वःलगानी रु.२,३३,२७,५०,०००/- (अक्षरेपी दुई अर्ब तेत्तिस करोड सत्ताईस लाख पचास हजार रुपैंया मात्र) र तल उल्लेखित बैंक तथा वितीय संस्थाहरुको सहवित्तीयकरण (कन्सोर्टियम) बाट ऋण प्राप्त गरि आयोजनाका कामहरु सञ्चालन भैरहेको छ ।

| क्र.स. | बैंक तथा वित्तीय संस्थाको नाम | स्वीकृत कर्जा रकम ( रु.) | २०७९ आषाढ मसान्तसम्म उपभोग गरेको कर्जा रकम रु. | औषत ब्याज दर | भुक्तानी अवधी |
|---|---|---|---|---|---|
| १. | नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड | १,८३,०३,००,०००।- | ७५,१२,१३,३३६।- | ८.११% | आयोजनाले ब्यावसायिक उत्पादन शुरु गरेको मितिले १२ (बाह्र) वर्ष रहेको । |
| २ | नबील बैंक लिमिटेड | १,८३,०२,००,०००।- | ७५,५८,५५,१५२।- | | |
| ३. | ग्लोबल आइएमइ बैंक लिमिटेड | १,५८,६५,००,०००।- | ७५,३९,१६,९९७।- | | |
| ४. | एनएमबी बैंक लिमिटेड | १,२५,००,००,०००।- | ५८,८८,७९,०१४।- | | |
| ५. | नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड | १,००,००,००,०००।- | ४३,८२,४०,३८९।- | | |
| ६. | लक्ष्मी बैंक लिमिटेड | १,००,००,००,०००।- | ४७,६४,७१,७६९।- | | |
| ७. | नेपाल एसबिआई बैंक लिमिटेड | ५०,००,००,०००।- | २३,७२,९२,२२५।- | | |
| ८. | कृषि विकास बैंक लिमिटेड | १,००,००,००,०००।- | ४७,३४,९६,०२२।- | | |
| | **जम्मा** | **९,९९,७५,००,०००।-** | **४,४७,५३,६५,८४४।-** | | |

## (२०७९ आषाढ मसान्तको वित्तीय विवरणबाट अद्यावधिक गरिएको )

| क्र.सं. | बुँदा | विवरणहरु |
|---|---|---|
| १. | शुरु कर्जा रकम | कर्जा लिन सकिने जम्मा रकम:<br>दीर्घकालीन कर्जा: रु. ९,९९,७५००,०००।-, Bridge Gap Loan: रु १,०००,०००,०००।-, Working capital loan facility: व्यापारिक उत्पादन शुरु भए पश्चात सिमा निर्धारण गरिने<br>हालसम्म लिइएको कर्जा रकम: रु. ४,५७,२९,६५,८२४/ (Bridge Gap Loan सहित) |
| २. | कर्जाको भुक्तानी अवधि | आयोजनाले ब्यावसायिक उत्पादन शुरु गरेको मितिले १२ (बाह्र) वर्ष रहेको । |
| ३. | ब्याज भुक्तानीको तरिका | १. आयोजनाको व्यापारिक उत्पादन शुरु हुनु भन्दा अगाडी भएको कर्जाको ब्याज रकम (IDC) कर्जा सुविधा सम्झौता बमोजिम नेपाल राष्ट्र बैंकको नियमावली अनुसार त्रैमासिक रुपमा आश्विन, पौष, चैत्र र आषाढ मसान्तमा पूँजीकृत गर्ने व्यवस्था रहेको छ ।<br>२. आयोजनाको व्यापारिक उत्पादन पश्चात कम्पनीले सहवित्तीयकरण लाई कर्जाको ब्याज त्रैमासिक रुपमा आश्विन, पौष, चैत्र र आषाढ मसान्तमा भुक्तानी गर्नेछ ।<br>३. कम्पनीले सहवित्तीयकरण लाई नियमित रुपमा ब्याज भुक्तानी नगरेमा उक्त भुक्तानी नभएको ब्याजमा भुक्तानी नभएको अवधिको लागि निर्धारित ब्याजदरमा थप २ प्रतिशत हर्जाना तिर्नेछ । |
| ४. | किस्ता रकम | आयोजनाबाट ब्यावसायिक उत्पादन शुरु भए पछि वा/र ऋण लिने अवधि मध्ये जुन अघि हुन्छ । |
| ५. | हालसम्म भुक्तान गरेको कर्जा रकम | आयोजना निर्माण अवधिमै भएकोले कर्जा भुक्तानी शुरु भई नसकेको । |
| ६. | भुक्तानी गर्न बाँकी कर्जा रकम | २०७९ आषाढ मसान्तसम्म रु. ३,७५५,२९४,३१४।०४कर्जा रकम भुक्तानी गर्न बाँकी रहेको । |

## ग. १७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :

**(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य सञ्चालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दा मामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा :** सो नभएको ।

**(ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण :** सो नभएको ।

**(ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालो सूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/सञ्चालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नुपर्ने :** सो नभएको ।

**(घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु:** सो नभएको ।

## ग. १८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु श्रीमती रश्मी रिजाललाई फोन नं.: ०१-४५४०५०८ तथा Email Address: rashmirijal.sc@sanimabank.com मार्फत सम्पर्क गरी प्रेषित गर्न सक्नेछन् ।

## ग. १९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :

सो नभएको ।

## ग. २०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :

हालसम्म कम्पनीले ऋणपत्र जारी गरेको छैन ।

**ग. २१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी विवरण :**

सो नभएको ।

**ग. २२. अन्य सामान्य जानकारी :**

(क) **विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :** प्रक्षेपित वित्तीय विवरण प्रमाणित गर्ने विज्ञले सो वित्तीय विवरणहरुमा कुनै कैफियत जनाएको छैन ।

(ख) **गत तीन आर्थिक वर्ष भित्रमा कुनै सञ्चालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :**

**(अ) सञ्चालकमा भएको परिवर्तन :**

१) कम्पनीको २०७७ पौष १४ गते सम्पन्न पाँचौं वार्षिक साधारण सभाबाट संस्थापक शेयरधनीको प्रतिनिधित्व गर्ने चार जना सञ्चालकहरुको नियूक्ति भएको ।

२) कम्पनीको पाँचौं वार्षिक साधारण सभाबाट निर्वाचित हुनु भएका सञ्चालक डा. श्री विश्वनाथ पौडेलद्वारा दिनु भएको राजिनामा कम्पनीको सञ्चालक समितिको बैठकद्वारा मिति २०७८/०४/१९ गते स्वीकृत गरेको हुँदा, निजको सट्टामा यस कम्पनीका शेयरधनी श्री अपार न्यौपानेलाई सोहि मितिबाट सञ्चालक पदमा नियूक्त भई छैठौं वार्षिक साधारण सभाद्वारा अनुमोदन गरिएको ।

३) कम्पनीको मिति २०७८ पौष १४ गते सम्पन्न छैठौं वार्षिक साधारण सभाबाट प्रचलित कम्पनी ऐन, २०६३ बमोजिम एक जना स्वतन्त्र सञ्चालकको नियूक्ती गरिएको छ ।

| क्र.सं | सञ्चालकहरुको नाम र ठेगाना | पद | कैफियत | बहाल रहेको मिति |
|---|---|---|---|---|
| १. | **श्री विनय कुमार श्रेष्ठ**<br>ठेगाना: गोरखकाली न.पा-१ गोरखा<br>हाल का.म.न.पा.-०४, काठमाण्डौ | सञ्चालक/अध्यक्ष | प्रतिनिधि<br>संस्थापक शेयरधनी सानिमा हाईड्रोपावर लिमिटेड | हालसम्म |
| २. | **डा. सुवर्ण दास श्रेष्ठ**<br>ठेगाना: ओखलढुङ्गा-५, ओखलढुङ्गा<br>हाल बुढानिलकण्ठ न.पा. वडा नं. १, काठमाण्डौ । | सञ्चालक | प्रतिनिधि<br>संस्थापक शेयरधनी सानिमा माई हाइड्रोपावर लिमिटेड | २०७९ भाद्र २४ मा राजिनामा स्वीकृत |
| ३. | **श्री अपार न्यौपाने**<br>ठेगाना: ववियाविर्ता-०३, मोरङ्ग | सञ्चालक | संस्थापक शेयरधनी | हालसम्म |
| ४. | श्रीमती उषा खतिवडा<br>ठेगाना: भोटेचौर-०७ सिन्धुपाल्चोक | सञ्चालक | प्रतिनिधि<br>एन.आर.एन. इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लि. | हालसम्म |
| ५. | **श्री ब्रज भूषण चौधरी**<br>ठेगाना: डाम्ही-०४, महोत्तरी | सञ्चालक | स्वतन्त्र | हालसम्म |
| ६. | **श्री शिव कुमार बस्नेत**<br>ठेगाना: दहथुम -६, स्याङ्जा । | सञ्चालक | प्रतिनिधि<br>संस्थापक शेयरधनी सानिमा माई हाइड्रोपावर लिमिटेड | हालसम्म |

**(आ) लेखापरीक्षकमा भएको परिवर्तन :** यस कम्पनीका हालसम्मका लेखापरीक्षकहरुको विवरण देहाय बमोजिम रहेको छ ।

आ.व. २०७५/०७६ का लागि JBRH एण्ड कम्पनी, चार्टड एकाउण्टेन्ट ।

आ.व. २०७६/०७७ का लागि JBRH एण्ड कम्पनी, चार्टड एकाउण्टेन्ट ।

आ.व. २०७७/०७८ का लागि G & G Associates कम्पनी, चार्टड एकाउण्टेन्ट ।

आ. व. २०७८/०७९ का लागि SAR Associates कम्पनी, चार्टड एकाउण्टेन्ट (वार्षिक साधारण सभाबाट नियुक्ति) ।

(ग) **कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

श्री बिनोद तिवारी यस कम्पनीको कम्पनी सचिव हुनुहुन्छ । निजको स्थायी ठेगाना रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. ०५ रहेको छ । निजले व्यवस्थापन विषयमा स्नातक गर्नुभएको छ र कम्पनी व्यवस्थापन तथा वित्त क्षेत्रमा १० (दश) वर्ष भन्दा बढीको अनुभव रहेको छ ।

(घ) **सार्वजनिक निष्काशन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**

**कम्पनीको सञ्चालक समितिको मिति २०७९/०३/२० गतेको निर्णय बमोजिम :**

यस कम्पनीको मिति २०७८ पौष १४ गतेका दिन सम्पन्न वार्षिक साधारण सभाको निर्णय तथा प्रबन्ध पत्रको दफा (६) बमोजिम सर्वसाधारण समूह 'ख' लाई छुट्याइएको जारी पुँजीको २५% ले हुने रकम रु. ८३,३१,२५,०००/- (अक्षरेपी त्रियासी करोड एकतिस लाख पच्चिस हजार) को प्रति शेयर रु.१००/- अंकित दरले हुने जम्मा ८३,३१,२५० कित्ता साधारण शेयर प्रारम्भिक सार्वजनिक निष्काशन मार्फत सर्वसाधारण तथा आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु (जसमध्ये आयोजनाको प्रभावित क्षेत्र फुङलिङ नगरपालिका वडा नं. १, २, ९ र १०, फक्ताङलुङ गाउँपालिका वडा नं. १, मिक्वाखोला गाउँपालिका वडा नं. १ र २, मेरिङ्देन गाउँपालिका वडा नं. २ र ३, आठराई त्रिवेणी गाउँपालिका वडा नं. ५ तथा मैवाखोला गाउँपालिका वडा नं. १ मा बसोवास गर्ने नेपाली नागरिकहरुलाई ४० प्रतिशत अर्थात १३,३३,००० कित्ता साधारण शेयर तथा आयोजना प्रभावित क्षेत्र ताप्लेजुङ्ग जिल्लाका बासिन्दाहरुको लागि ६० प्रतिशत अर्थात १९,९९,५०० कित्ता साधारण शेयर समेत लाई निष्काशन गर्ने तथा सो सम्बन्धि सम्पूर्ण कार्य गर्न गराउन कम्पनीका प्रमुख कार्यकारी अधिकृतलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

साथै, यसै निर्णय बमोजिम कम्पनीको प्रारम्भिक सार्वजनिक निष्काशन (Initial Public Offering - IPO) का लागि आवेदन दिन पाउने शेयर सिमा न्युनतम १० कित्ता र अधिकतम २०,००० कित्तासम्म सिमा निर्धारण गर्ने सर्वसम्मत निर्णय गरियो ।

**नोट :** नेपाल सरकारको सम्वन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरि विदेशमा रोजगारी गरि रहेका नेपालीहरुका लागि आवेदन खुल्ला गर्ने सम्बन्धि निर्णय नेपाल धितोपत्र बोर्डद्वारा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७९ (छैठौं संशोधन) मा भएको व्यवस्था बमोजिम गरिएको हो ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :** यो आयोजनाबाट प्राप्त हुने आयमा व्यावसायिक उत्पादन शुरु भएको मितिबाट १० वर्षसम्म १०० प्रतिशत आयकर छुट तथा सो पश्चात ५ बर्षको लागि ५० प्रतिशत आयकर छुट प्रदान गरिएको छ ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**

कार्यालय समयभित्र निम्न लिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

१. कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, शंखपार्क, धुम्बाराही-४, काठमाण्डौ ।

२. धितोपत्र निष्काशन तथा बिक्रि प्रबन्धक श्री सानिमा क्यापिटल लिमिटेड, सम मार्ग, नक्साल, काठमाण्डौ ।

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**

हालसम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन नियम अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

संगठित संस्थाले यस विवरणपत्र मार्फत आफ्नो जारी पूँजी रु. ३,३३,२५,००,०००/– (अक्षरेपी तीन अर्ब तेत्तिस करोड पच्चिस लाख रुपैया मात्र) मध्ये कम्पनीको प्रबन्धपत्रमा भएको विशेष व्यवस्था बमोजिम कम्पनी/आयोजनामा कार्यरत कर्मचारी/कामदारहरुको लागि जारी पूँजीको ५% अर्थात रु. १००/- अंकित दरको १६,६६,२५० कित्ता शेयर नियमानुसार बाँडफाँड गरिएको छ । तत्पश्चात् जारी पुँजीको १० प्रतिशत अर्थात रु.३३,३२,५०,०००/– (अक्षरेपी तेत्तीस करोड बत्तिस लाख पचास हजार रुपैंया मात्र) रु.१००/- अंकित दरको ३३,३२,५०० कित्ता शेयर आयोजना प्रभावित क्षेत्रका (जसमध्ये आयोजनाको अति प्रभावित क्षेत्र फुङलिङ नगरपालिका वडा नं. १, २, ९ र १०, फक्ताङलुङ गाउँपालिका वडा नं. १ तथा मिक्वाखोला गाउँपालिका वडा नं. १ र २, मेरिङदेन गाउँपालिका वडा नं. २ र ३, आठराई त्रिवेणी गाउँपालिका वडा नं. ५ तथा मैवाखोला गाउँपालिका वडा न. १ मा बसोवास गर्ने नेपाली नागरिकहरुलाई ४० प्रतिशत अर्थात १३,३३,००० कित्ता तथा आयोजना प्रभावित क्षेत्र ताप्लेजुङ्ग जिल्लाका स्थानिय बासिन्दाहरुको लागी ६० प्रतिशत अर्थात १९,९९,५०० कित्ता शेयर) स्थानीय बासिन्दाहरुको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ समेतको अधिनमा रही सुरक्षित गरी बाँकि रहेको जारी पूँजीको १५ प्रतिशत शेयर अर्थात् रु. १००/– अंकित दरको ४९,९८,७५० कित्ता (वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुको लागि १०% अर्थात ४९९,८७५ कित्ता र सामूहिक लगानी कोषहरुलाई ५% अर्थात् २,४९,९३७ कित्ता शेयर समेत) सर्वसाधारणको लागि निष्काशन तथा बिक्रि गर्न छुट्याइएको छ ।

**(झ) कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरूको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएका विवरणहरू समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ ।

**(ञ) धितोपत्र बिक्रि वितरण सम्बन्धी व्यवस्था :**

